***पार्टीमा आन्तरिक लोकतन्त्रको पालना र विधिको अवलम्बन गरौं***
***जनताको बहुदलीय जनबादको मार्गदर्शनमा नेपाली विशेषताको***
***समाजवाद निर्माणको दिशामा अघि बढौ !***

# नेकपा (एमाले) को दोस्रो विधान महाधिवेशनमा प्रस्तुत फरक मत

**बन्दसत्रका अध्यक्ष तथा नेकपा (एमाले)का अध्यक्ष कमरेड,**
**सम्पूर्ण प्रतिनिधि तथा पर्यवेक्षक कमरेडहरु,**
**विभिन्न समितिका कमरेडहरु तथा स्वयंसेवक कमरेडहरु** !
**हार्दिक अभिवादन** !

हाम्रो गौरवशाली पार्टी नेकपा (एमाले) को दोश्रो विधान महाविधवेशनको गरिमामय बैठकमा हामी उपस्थित भएका छौं । पार्टी निकै कठिन मोडमा उभिएको समयमा २०७८ साल असोज १५ देखि १७ गते यही सभाकक्षमा हामीले प्रथम विधान महाधिवेशन ६ हजार भन्दा बढि प्रतिनीधिहरुको उपस्थितिमा भव्यताका साथ सम्पन्न गरेका थियौं । प्रथम विधान महाधिवेशनले पार्टीपंक्तिमा नयाँ विश्वास र उत्साह भरेको थियो । पार्टीभित्र देखिएका सबै प्रकारका राजनीतिक, बैचारिक, नीतिगत अन्योल र अस्पस्टतालाई चिरेको थियो । नयाँ संकल्प बोकेर प्रथम विधान महाधिवेशनका प्रतिनिधीहरु कार्यक्षेत्रमा फर्किएका थियौं । आज फेरी चार वर्ष पछि कार्यक्षेत्रका सबै कार्यभारहरुलाई सम्पन्न गर्दै फरक समयका नयाँ जिम्मेवारीलाई बहन गर्ने संकल्पका साथ हामीहरु दोश्रो विधान महाधिवेशनमा भेला भएका छौं । यस महाधिवेशनमा प्रतिनिधि, पर्यबेक्षक र आयोजकका रुममा उपस्थित सबै कमरेडहरुलाई हार्दिक स्वागत अभिवादन  गर्दछु । यस महत्वपूर्ण घडिमा नेपालको कम्युनिस्ट आन्दोलनलाई आजको विन्दुसम्म ल्याई पुऱ्याउन असाधारण योगदान गर्नुहुने नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलाल, जनताको बहुदलीय जनवादका सिद्धान्तकार जननेता कमरेड मदनकुमार भण्डारी र नेकपाको प्रथम महाधिवेशनबाट निर्वाचित महासचिव तथा नेपालको निर्वाचित पहिलो कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारीप्रति हार्दिक सम्मान र श्रद्धासुमन प्रकट गर्दछु । त्यसैगरी नेपालको कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनलाई अगाडि बढाउने क्रममा जीवन उत्सर्ग गर्ने सबै आदरणीय शहीदहरु प्रति उच्च सम्मान भावका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै अग्रज र शहीदहरुले देखाएको बाटोमा अविचलित  लडिरहने प्रतिज्ञा गर्दछु ।

## १.विषय प्रवेश

प्रथम विधान महाधिवेशनदेखि हालसम्मको पार्टी कामको सिहावलोकन गर्नुपर्ने महत्वपूर्ण अभिभारा हाम्रो काँधमा रहेको छ । महाधिवेशन विगतका काम-कारबाही, नीति र त्यसका परिणाम, उपलब्धिहरु तथा सवल र दुर्वल पक्षको सम्यक विवेचना गर्ने महत्वपूर्ण थलो हो । यो काम महाधिवेशनले गर्नै पर्ने विधि र पद्धति अर्न्गात पर्दछ भन्ने कुरा हामी सबैले बुझेकै छौं ।  यस बीचमा हामीले गरेका काम, लिएका निर्णय, प्राप्त उपलव्धी र व्यहोर्नु परेका चुनौतीका साथै कमी–कमजोरीको बस्तुनिष्ठ समिक्षा गर्नै पर्छ । यस महाधिवेशनबाटै हामीले हाम्रो

भविष्यको बाटो स्पष्ट पार्नु पर्नेछ । यस महाधिवेशनलाई विधान संशोधनको दायरामा मात्रै सिमित गरिनु हुन्न । हामीले नीति, विधि, विचार, सिद्धान्त र कार्यक्रम तय गर्नको लागि विधान महाधिवेशन र नेतृत्व निर्माणको लागि राष्ट्रिय महाधिवेशनको व्यवस्था गर्नुको औचित्य पुष्टि हुने गरी यस महाधिवेशनलाई सफल पार्नु पर्दछ । विधान महाधिवेशनका प्रतिनिधिहरु सार्वभौम छन् भन्ने कुरालाई हाम्रो पार्टीले आत्मसात् गर्दै आएको छ । महाविधेशनका प्रतिनिधिहरु सबैलाई खुलस्त रुपमा आफ्ना विचार, दृष्टिकोण र मत निर्धक्क किसिमले प्रस्तुत गर्ने थलोका रुपमा हाम्रो पार्टीले मान्दै र सोही अनुसार अभ्यास गर्दै आएको छ । सोही पद्धति र स्थापित मान्यता अनुसार आफ्नो विवेकको प्रयोग गर्दै पार्टी हितलाई केन्द्रविन्दुमा राखेर निर्भिकतापूर्वक बैचारिक र राजनीतिक बहसमा सहभागी हुन हार्दिक अपिल गर्दछु !

हामीले हाम्रो पार्टीको पाँचौ राष्ट्रिय महाधिवेशनबाट जननेता मदन भण्डारीको अगुवाईमा नेपाली क्रान्तिको मौलिक र विशिष्ट कार्यक्रमका रुपमा जनताको बुहदलीय जनवादलाई अंगिकार गऱ्यौं । विश्व कम्युनिस्ट आन्दोलन र नेपालको कम्युनिस्ट आन्दोलनका सकारात्मक र नकारात्मक अनुभवहरुबाट शिक्षा लिदै जनताको बहुदलीय जनवादलाई मार्क्सवादको सिर्जनात्मक प्रयोगको निचोडका रुपमा स्थापित गरिरहेका छौं । हामी जनताको बहुदलीय जनवादलाई निरन्तर समय अनुकल बनाएर समृद्ध सिद्धान्तको रुपमा विकास गर्न प्रतिवद्ध छौं । पार्टी जीवनमा अकल्पनीय कठिनाई भोग्नु परेको छैटौं राष्ट्रिय महाधिवेशनबाट जबजलाई नेपाली क्रान्तिको नेतृत्वदायी विचारका रुपमा विकसित गऱ्यौं । वाह्य र आन्तरिक राजनीतिक संकटलाई छिचोल्दै सातौं राष्ट्रिय महाधिवेशनको आयोजना भएको थियो । उक्त महाधिवेशनमा वर्तमान अध्यक्ष कमरेड के.पी. शर्मा ओलीले पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई अघि सार्नुभएको थियो । तर नेतृत्वको महत्वपूर्ण हिस्सालाई सहमत गराउन नसकेका कारणले महाधिवेशनमा आफ्ना विचारे र प्रस्तावलाई उहाँले स्थगन गर्नु पऱ्यो । आठौं राष्ट्रिय महाधिवेशनबाट मार्क्सवाद-लेनीनवाद र जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तको रुपमा आत्मसात् गरिएको थियो र सोही महाधिवेशनले पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई सँस्थागतरुपमा स्वीकार गर्दै पार्टी जीवनमा कार्यान्वयन गरेको थियो । त्यस पछि नवौं र दशौं राष्ट्रिय महाधिवेशनले पनि जबजलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रुपमा नै ग्रहण गऱ्यो । आजको समयमा आई पुग्दा हाम्रो पार्टीमा दर्शन, सिद्धान्त, कार्यक्रम, कार्यनीति, रणनीति, कार्यदिशा, विधि र विधानको निर्माणमा समस्या देखिदैन । हामीले स्थापित गरेका सिद्धान्त, नीति, विधि र विधानको पालना नगर्ने मूल समस्याले हाम्रो आन्दोलन दिशाविहीन, लक्ष्यविहीन, मूल्य-मान्यताविहीन भएर व्यक्ति स्वार्थको जालोमा अल्भिmने खतरातर्फ उन्मुख हुँदैछ । यो समस्या सिद्धान्तमा होइन, व्यवहारमा देखिएको छ । नीति र विधिमा होइन, कार्यशैलीमा देखिएको छ । पार्टीमा मूल्य-मान्यता, लक्ष्य, उद्देश्य भत्कदै-हराउदै जाँने र लोभ, डर, त्रास र आसको भरमा विवेकविहीन नेता, कार्यकर्ता बन्ने दिशातिर हामी गइरहेका छौं । ठिक र बेठिक छुट्याउन नसक्ने, असल र खराव भन्न नसक्ने, पार्टी हित र अहित देख्न नसक्ने, विगत, वर्तमान र भविष्यको समीक्षा र आँकलन गर्न तयार नहुने डरलाग्दो परिस्थितिमा पार्टी चलिरहेको छ । यस परिस्थितिबाट पार्टीलाई सहि दिशामा लैजान गम्भीर बहस गर्नु अहिलेको हाम्रो प्रमुख कार्यभार हो ।

हाम्रो पार्टीको जीवनमा सातौं राष्ट्रिय महाधिवेशन र आठौं राष्ट्रिय महाधिवेशनको बीचमा पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई ग्रहण गर्ने सन्दर्भमा कमरेड के.पी.शर्मा ओलीको संयोजकत्वमा गठित कार्यदलले निकालेका निष्कर्षहरु अति नै महत्वपूर्ण रहेका छन् । त्यस समयमा उक्त निष्कर्षमा पुग्दा पार्टी भित्रको शक्ति र सँख्याको आधारमा निर्णय गरिएको थिएन । पार्टी भित्रको आन्तरिक लोकतन्त्रलाई बलियो बनाउने सकारात्मक उद्देश्यका साथ नेतृत्वको ठूलो हिस्सा सहमत भएर  महत्वपूर्ण निष्कर्ष निकालिएको थियो । कार्यदलले निकालेका निष्कर्षहरुलाई पार्टीको केन्द्रीय कमिटीले ग्रहण गरि ती निष्कर्षको आधारमा विधानको व्यवस्था गरिएको थियो । आठौं र नवौं महाधिवेशनका सम्पूर्ण अभ्यासहरु तिनै निष्कर्षका आधारमा भएका थिए । अहिले पनि ती निष्कर्षहरुलाई पार्टी जीवनमा कार्यान्वयन गर्नु आवश्यक छ । हाम्रो पार्टीले वर्तमान समयमा भोगिरहेका समस्या र हामीले पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यताका बीचमा तादाम्य छ कि छैन ? हामीले स्थापित गरेका मान्यता बमोजिम हाम्रो पार्टी जीवन चलिरहेको छ कि छैन ? जबजको प्रकाशमा बस्तुनिष्ठ भएर समिक्षा गरौं । हामीले त्यस समयमा निकालेका निष्कर्षहरु निम्न बमोजिम रहेका छन्:

## २. विगतको समीक्षा

२.१. राजनीतिक पार्टीहरू वर्गीय समाजका उपज र वर्गहितका सर्वोच्च प्रतिनिधि संस्थाहरू हुन् । वर्गीय समाजमा निश्चित वर्ग वा वर्ग समूहहरूको सर्वोच्च हित रक्षाको निम्ति निश्चित राजनीतिक पार्टीहरू गठन गरिएका हुन्छन् । वर्ग वा वर्ग समूहहरूको आंशिक या तात्कालिक हितहरूको रक्षा या प्रतिनिधित्व, तिनका वर्गीय या सामुदायिक सङ्गठनहरूले पनि गर्न सक्तछन् । तर राज्यसत्तामा पहुँच, प्रभाव या नियन्त्रण नभएसम्म सम्बिन्धत वर्ग वा वर्ग समूहहरूको वास्तविक हितको रक्षा र उद्देश्य पूरा हुन सक्दैन । निश्चित वर्ग वा वर्ग समूहहरूको वास्तविक हितको रक्षा र उद्देश्य अनुरूप राज्यसत्ताको प्राप्ति वा संरक्षणको नेतृत्व राजनीतिक पार्टीहरूले मात्र गर्न सक्छन् । त्यसैले राजनीतिक पार्टीहरू वर्ग विशेषका समग्र हितहरूको प्रतिनिधित्व र प्रतिरक्षा गर्ने सबैभन्दा महत्वपूर्ण सङ्गठनहरू हुन् । राजनीतिक पार्टी सम्बन्धी यो तथ्य सबै अवस्था र स्थानमा लागू हुने एउटा सर्वदेशीय र सार्वकालिक सच्चाई  हो । कम्युनिस्ट वा श्रमिक पार्टी सर्वहारा, श्रमजीवी वर्गको सर्वोच्च हित रक्षाको लागि गठित र सञ्चालित हुने राजनीतिक संयन्त्र हो । अरू वर्गका राजनीतिक प्रतिनिधिहरूले आफूलाई सबै वर्गको हित रक्षा गर्ने साझा पार्टी बताउँछन् र आफ्नो वर्गीय पक्षधरताको सम्बन्धमा विभ्रम फैलाउँदछन् । तर कम्युनिस्ट वा श्रमिक पार्टीले आफ्नो वर्गीय पक्षधरता कहिल्यै लुकाउँदैन । सामाजिक क्रान्तिद्वारा उत्पादक शक्तिको समग्र हित अनुकूल आमूल परिवर्तन र राष्ट्रिय स्वाधीनताको रक्षा कम्युनिस्ट वा श्रमिक पार्टीको अपरिवर्तनीय लक्ष्य हुने गर्दछ । यसका लागि उसले मार्क्सवाद-लेनिनवाद अर्थात् द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको मार्गदर्शन, जनताको सङ्गठित भूमिकामा आधारित वर्ग सङ्घर्ष र जनशैलीलाई अवलम्वन गर्दछ।

क्रान्तिकारी सिद्धान्त बिना क्रान्तिकारी आन्दोलन सम्भव हुँदैन र क्रान्तिकारी आन्दोलन बिना सामाजिक क्रान्ति सम्भव हुँदैन । तसर्थ एउटा क्रान्तिकारी पार्टीको निम्ति

क्रान्तिकारी सिद्धान्त, कार्यक्रम र नीतिहरू सबैभन्दा महत्वपूर्ण एवं निर्णायक विषय हुन् । मार्क्सवादका आम सच्चाईहरूको मार्गदर्शनमा आफ्नो मुलुकको विशिष्ट अवस्था अनुरूप विकसित गरिएका सिद्धान्त, कार्यक्रम र नीतिहरू नै आन्दोलनको सफलताका प्रमुख आधार हुन् । कम्युनिस्ट पार्टीको सार पक्ष पनि तिनै हुन् । तर यसको अर्थ सही सिद्धान्त, नीति र विचार मात्रै भए पुग्छ भन्ने होइन । कुनै पनि सिद्धान्त व्यवहारमा गाँसिएपछि मात्रै त्यसले समाज परिवर्तनको लागि भौतिक शक्तिको भूमिका निर्वाह गर्दछ । व्यवहारमा नगाँसिएको सिद्धान्त दस्तावेज सजाउने सुन्दर आभुषण या सीमित समुदायको लागि बौद्धिक विलासको विषयभन्दा बढी केही हुन सक्दैन । त्यसैले क्रान्तिको लागि मौलिक क्रान्तिकारी र सही सिद्धान्त, कार्यक्रम र नीतिको प्रतिपादन जति महत्वपूर्ण हुन्छ, त्यत्तिकै महत्वपूर्ण भूमिका त्यसको सफल कार्यान्वयनको हुने गर्दछ । सही सिद्धान्त, कार्यक्रम र नीतिको महत्वपूर्ण व्यावहारिक कार्यान्वयन सचेत, अग्रगामी र कृयाशील पार्टी पङ्क्ति बिना सम्भव हुन सक्दैन । त्यसैले सही सिद्धान्त, कार्यक्रम र नीतिको प्रतिपादन र त्यसको मार्गदर्शनमा सङ्गठनात्मक शक्ति निर्माण र परिचालन एक अर्कामा अन्योन्याश्रित विषयहरू हुन् । सिद्धान्त, कार्यक्रम र नीति पार्टीको सार पक्ष हो भने एकीकृत नेतृत्व सहितको श्रृंखलाबद्ध कमिटी प्रणालीमा आबद्ध जनवादी पार्टी सङ्गठन र त्यस मार्फत् पार्टीका आम सदस्य तथा शुभचिन्तकहरूको नियमित सञ्चालन कम्युनिस्ट पार्टीको रूप पक्ष हो । तर, रूप पक्ष भएपनि यो तपसिलको महत्वको विषय भने होइन ।

२.२ कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले आफ्नो सम्पूर्ण जीवन सर्वहारा श्रमजीवी वर्गको मुक्तिका सिद्धान्त र नीतिहरू निर्माण गर्ने काममा समर्पण गर्नुभयो । उहाँहरूले आफ्नो जीवनकालमा कम्युनिस्ट लिग,अन्तर्राष्ट्रिय श्रमजीवी सङ्घ (प्रथम अन्तर्राष्ट्रिय) र जर्मन सामाजिक जनवादी पार्टी जस्ता सङ्गठनहरूको निर्माण र विकासका लागि महत्वपूर्ण योगदान गर्नुभएको थियो तापनि त्यति बेलासम्म पार्टी निर्माण र सञ्चालनका सम्बन्धमा ठोस र मूर्त सिद्धान्तहरूको निर्माण र विकास हुनसकेको थिएन । लेनिनले रुसी सामाजिक जनवादी पार्टी निर्माण गर्नुभयो र मेन्सेभिकहरूसँगको विचारधारात्मक सङ्घर्षको क्रममा पार्टी निर्माणको सिद्धान्त प्रतिपादन गर्नुभयो । त्यस यता कम्युनिस्ट तथा श्रमिक पार्टीहरू मूलतः लेनिनद्वारा प्रतिपादन गरिएको जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्तलाई पार्टी निर्माण तथा सञ्चालनका लागि आधारभूत महत्वको मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गर्दै अगाडि बढिरहेका छन् । लेनिनद्वारा प्रतिपादित तिनै मान्यताहरूको मार्गदर्शनमा पार्टी निर्माण र सञ्चालन गर्दै आएका छन् ।

२.३ लेनिनद्वारा ती मान्यताहरू अगाडि सारिए यता सय बर्षभन्दा बढी समयावधि बितिसकेको छ । बितेको सय वर्षमा विश्व परिस्थितिमा अत्यन्त ठुला र अकल्पनीय परिवर्तनहरू भएका छन् । यो अवधिमा विश्व कम्युनिस्ट आन्दोलनले अक्टोवर समाजवादी क्रान्ति जस्ता उपलब्धिहरू मात्रै प्राप्त गरेको छैन, सोभियत सङ्घको विघटन जस्ता गम्भीर र अपुरणीय क्षति पनि व्यहोरेको छ । क्रान्ति र प्रतिक्रान्तिका यी अनेकौं परिघटनाहरूको प्रभाव स्वभावैले कम्युनिस्ट आन्दोलनको सैद्धान्तिक पक्षमा परेको छ । यसले पार्टी निर्माण र सञ्चालनका अनेकौं क्षेत्रहरूलाई प्रभावित गरेको छ । यस बाहेक, यस बिचमा

विकसित भएका सामाजिक-आर्थिक सम्बन्धहरू, नयाँ वर्ग संरचना र वर्गीय अन्तरसम्बन्धहरू, विकसित भएका या हुँदै गरेका नयाँ सङ्गठन र संस्थाहरू, राज्यको नयाँ भूमिका आदिले पार्टीको भूमिकालाई समेत पुनर्परिभाषित गर्नुपर्ने अवस्था सृजना गरेको छ । कतिपय अवरोध र कठिनाइहरूका बावजूद विश्व झन्- झन् खुकुलिँदै बहुकेन्द्री र बुहलवादी बन्दै गइरहेको छ । यो झनै अन्तरसम्बन्धित बनिरहेको छ । हिजोको तुलनामा पारस्परिक प्रभाव तथा असर झन् ज्यादा बढिरहेको छ । विज्ञान र प्रविधिको अकल्पनीय विकास, सूचना प्रविधिका क्षेत्रमा भएको कल्पनातीत प्रगति र परिवर्तनहरूले मानवीय सम्बन्धका अन्य पक्षहरूलाई जस्तै पार्टी निर्माण र सञ्चालनलाई पनि गम्भीर ढङ्गले प्रभावित गरिरहेका छन् । अन्तर्वस्तुमा उदार प्रजातन्त्र र जनताको प्रजातन्त्रका पृथक धारमा विभाजित भएपनि विश्वव्यापी रूपमा नै प्रजातान्त्रीकरणको नयाँ लहर विकसित भएको छ र यसले पार्टीहरूको आन्तरिक जीवन तथा समाजका अन्य अङ्गसँग उनीहरूको अन्तरसम्बन्धलाई पनि प्रभावित गरिरहेको छ । अब पार्टीलाई सीमित दायरामा खुम्च्याइ राख्नु या यससँग सम्बन्धित सवालहरूलाई पार्टीको निजी मामला भनेर सीमित राख्नु सम्भव छैन । तसर्थ अब हामीले पार्टीका नीति, सिद्धान्त र सङ्गठनात्मक सिद्धान्तहरूलाई गएको सय बर्षको परिवर्तित विश्व सन्दर्भसँग गाँसेर समयानुकूल विकास, परिमार्जन र परिवर्तन गर्नु जरुरी भएको छ ।

२.४ विश्व कम्युनिस्ट आन्दोलनका प्रभावशाली नेताहरू लेनिन तथा माओत्सेतुङको कार्यकालमा कम्युनिस्ट आन्दोलनले आफ्नो अधिकांश समय युद्धकालीन अवस्थामा गुजार्नु पर्‍यो । शक्ति सन्तुलनको हिसाबले साम्राज्यवादी-पुँजीवादी शक्तिहरू निकै बलियो अवस्थामा रहेको हुनाले मात्रै होइन, विश्व तात्कालीन अवस्थामा प्रत्यक्ष युद्धको अवस्थामा हुनु र आज जस्तो विरोध प्रकट गर्ने, मताधिकारको प्रयोग गर्ने जस्ता न्यूनतम् पुँजीवादी अधिकारहरूको पनि अभाव रहनुले कम्युनिस्ट पार्टीहरूले भूमिगत र प्रतिबन्धित अवस्थामा काम गर्नुपर्‍यो । वैधानिक मञ्चहरूको अभावको कारण अधिकांश समय उनीहरूले अवैध र हिंसात्मक रूपका गतिविधिहरू मार्फत् आन्दोलनलाई अगाडि बढाउनु पर्‍यो । क्रान्तिकालमा मात्र होइन, क्रान्ति-उत्तर समाजवाद निर्माणको कालमा पनि पार्टीले हरबखत युद्ध र आक्रमणको सन्त्रास झेल्नु परेको हुनाले पार्टी निर्माण र सञ्चालनमा पनि त्यसको प्रभाव पर्‍यो । समाजवाद निर्माणका सम्बन्धमा लेनिनको “नयाँ आर्थिक नीति” को असामयिक अन्त्य, स्टालीनकालीन पार्टी निर्माणको कठोर र फौंजी ढाँचा, त्रात्स्की लगायतका सयौं असहमतहरू माथिको क्रूर दमन, माओ त्सेतुङद्वारा सञ्चालित सांस्कृतिक क्रान्ति, निरन्तर क्रान्तिको मान्यता र असहमत पक्षमाथि भएका कठोर कार्यवाहीहरू आदिमा हामीले कम्युनिस्ट आन्दोलनमा प्रकट भएका युद्धकालीन प्रभावहरू तथा पार्टी निर्माण एवं सञ्चालनमा अप्रजातान्त्रिक तौर तरिकाहरूलाई स्पष्ट देख्न सक्छौं । यस क्रममा कम्युनिस्ट आन्दोलनले व्यहोर्नु परेका गम्भीर क्षतिहरू, उदात्त मानवीय मूल्यको जगमा खडा भएको कम्युनिस्ट आन्दोलनले भोग्नुपरेको अपमान र बदनामी, तात्कालीन युद्धकालीन अवस्थाले आन्दोलनमा पारेका वस्तुगत र मनोगत प्रभावहरू, वर्ग सङ्घर्षको अतिरञ्जित विश्लेषण, वर्ग सङ्घर्ष र विचारधारात्मक सङ्घर्षको बिचमा सीमा रेखाको उल्लङ्घन र यसले पार्टी निर्माणमा पारेका नकारात्मक

असर र क्षतिहरूलाई स्पष्ट देख्न सक्छौं ।तर आजको अवस्थामा मात्रात्मक र कतिपय सन्दर्भमा गुणात्मक फेरबदलहरू आएका छन् । सङ्घर्षका हिंसात्मक रूपहरू विस्तारै असान्दर्भिक बन्दै गएका छन्, बन्दुकको बलमा सत्ता कब्जा या नियन्त्रणका प्रयत्नहरू असफल बनिरहेका छन् र व्यापक जनआन्दोलन तथा जनसमर्थनको बलमा शान्तिपूर्ण जनविद्रोहद्वारा परिवर्तनका नयाँ सम्भावनाहरू विकसित भइरहेका छन् । प्रजातान्त्रीकरणको विश्वव्यापी प्रभावले क्रान्तिकारी पार्टीले पनि लामो समयसम्म वैधानिक, शान्तिपूर्ण र लोक अभिमतको आधारमा काम गर्ने या परिवर्तनकारी भूमिका खेल्ने सम्भावनाहरू बढेर गएको छ । विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा हुँदाहुँदै पनि वैधानिक र प्रजातान्त्रिक ढङ्गले काम गरिरहेका कम्युनिस्ट तथा श्रमिक पार्टीहरूको पक्षमा विश्वव्यापी रूपमा समर्थन या सहानुभूति प्राप्त हुनसक्ने सम्भावनाहरू प्रकट भएका छन् । त्यसैले आज पार्टी निर्माण र सञ्चालनका युद्धकालीन मान्यताहरू खण्डित हुनपुगेका छन् र पार्टीलाई लोकतान्त्रिक ढङ्गले निर्माण र सञ्चालन गर्नुपर्ने आवश्यकता टड्कारो गरी देखापरेको छ । अब हामीले पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा विगतमा अवलम्बन गर्दै आएको लेनिनवादी सङ्गठनात्मक सिद्धान्तमा समयानुकूल विकास गर्नुपर्दछ । आफ्नो मुलुकको विशिष्टता अनुरूप लोकतान्त्रिक विधिहरू विकसित गर्नुपर्दछ ।

२.५ मार्क्सवादको मार्गदर्शन, विश्व कम्युनिस्ट आन्दोलनको झण्डै १५० वर्षको अनुभव र नेपाली कम्युनिस्ट आन्दोलनको झण्डै आधा शताब्दी लामो यात्राका शिक्षाहरूका आधारमा कमरेड मदन भण्डारीको अगुवाइमा नेपाली क्रान्तिको मौलिक कार्यक्रमको रूपमा पाँचौं राष्ट्रिय महाधिवेशनबाट जनताको बहुदलीय जनवादको प्रतिपादन र अनुमोदन गरियो । छैटौं राष्ट्रिय महाधिवेशनले उक्त कार्यक्रम नेपाली क्रान्तिको सिद्धान्त हो भन्ने निष्कर्ष अघि सार्‍यो । जनताको बहुदलीय जनवाद मार्क्सवादको सृजनात्मक प्रयोगको उपज हो, नेपाली क्रान्तिको ठोस व्यवहारमा विकसित मार्क्सवाद हो र यो नेपाली क्रान्तिलाई दिशा निर्देश गर्ने सिद्धान्त पनि हो । यसले त्यति बेलासम्म उठेका नेपाली क्रान्तिका सैद्धान्तिक र नीतिगत प्रश्नहरूको निरूपण गर्दै आधारभूत रूपमा समाधान गरेको छ । जनताको बहुदलीय जनवादले जनवादी राज्यसत्ताको प्रजातान्त्रीकरण, आन्दोलनको प्रजातान्त्रीकरण, पार्टीको प्रजातान्त्रीकरण र समग्र कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रीकरणसम्बन्धी मान्यतालाई दिशा निर्देश गरेको छ । जनताको बहुदलीय जनवादले क्रान्तिकारी पार्टी निर्माण र सञ्चालनका कतिपय नीतिगत प्रश्नहरूको टुङ्गो लगाएको छ । कमरेड मदन भण्डारीले चौथो महाधिवेशनद्वारा पारित सङ्गठनात्मक प्रस्ताव तथा पाँचौं राष्ट्रिय महाधिवेशनमा पारित प्रतिवेदनमा पार्टी निर्माण र सञ्चालनका आधारभूत प्रस्थापनाहरू प्रस्तुत गर्नुभएको छ । जडसूत्रवादी ढङ्गले होइन मार्क्सवादको सृजनात्मक प्रयोग, शास्त्र र सूत्रहरूको निमित्त जीवनको बलिदान होइन, जीवनको निमित्त शास्त्र र सूत्रहरूको निर्माण, विचारको एकतालाई पार्टी एकताको मूल आधार मानेर नीतिगत मतभेदका बिचमा पनि पार्टी एकतामा पुग्नका लागि प्रजातान्त्रिक ढङ्गले छलफल गर्ने परिस्थितिको निर्माण, निर्णय पश्चात् कार्यान्वयनको प्रत्याभूति, सन्तुलित र परस्पर सम्बन्धित जनवादी केन्द्रीयताको अवलम्बन, पार्टी

कार्यकर्ताहरूको विशेषज्ञता र कार्य कुशलतामा बृद्धि, जन (मास) पार्टी या सीमित कार्यकर्ता पार्टीको रूपमा होइन, जनआधारित कार्यकर्ता पार्टीको रूपमा पार्टीको विकास, कहिल्यै पनि राजकीय, सैनिक या अन्य रूपको होइन राजनीतिक पार्टीको रूपमा यसको निरन्तरता, दन्त्यकथाका अलौकिक पात्रहरू होइन, वर्ग सङ्घर्षमा खारिएका र जनताको मूल्याङ्कनको विषय बनेका तथा जनताबाट आफ्नो अगुवाको रूपमा स्वीकारिएका पार्टीका नेता र कार्यकर्ताहरूको विकास, प्रतिस्पर्धामा श्रेष्ठ सावित हुनसक्ने गरी पार्टीको विकास एवं निश्चित गुण र मापदण्डहरूको ग्यारेण्टी गर्दै पार्टीलाई समावेशी संरचनामा रूपान्तरण अर्थात् सबै जाति, भाषा, समुदाय र भौगोलिक क्षेत्रहरूमा विस्तार जस्ता नवीन र मौलिक मान्यताहरू पार्टी निर्माण तथा सञ्चालनका सम्बन्धमा कमरेड मदन भण्डारीद्वारा अगाडि सारिएका मूलभूत प्रस्थावनाहरू हुन् ।

२.६ जनताको बहुदलीय जनवाद क्रान्ति पश्चात् स्थापना गरिने शासन प्रणाली विशेषको नाममात्रै नभएर यो हाम्रा समग्र कामहरूलाई मार्गदर्शन गर्ने सोच समेत भएको हुनाले नीति, सङ्गठन, नेतृत्व निर्माण, व्यक्तिको आचरण लगायतका पार्टी जीवनका समग्र पक्षहरू यसबाट निर्देशित हुनु आवश्यक छ । हामीले जनताको बहुदलीय जनवादको मार्गदर्शन अनुरूप पार्टी निर्माणसम्बन्धी प्रारम्भिक कामहरू सम्पन्न गरेका छौँ । जति गरेका छौँ, त्यो सकारात्मक भएपनि आजको आवश्यकता अनुरूप पर्याप्त भने छैन । तसर्थ अब हामीले पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा जनताको बहुदलीय जनवादको मार्गदर्शन अनुरूप चालु प्रतिस्पर्धामा श्रेष्ठ सावित हुने गरी पार्टी सञ्चालन गर्नको लागि कतिपय नयाँ अवधारणाहरू विकसित गर्नु आवश्यक भएको छ । नेपाली समाज यतिबेला अभूतपूर्व चुनौति र सम्भावनाको सङ्घारमा उभिएको छ । जनआन्दोलन २०६२/६३ को जबरजस्त धक्कापछि निरङ्कुश राजतन्त्र पराजित भई देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आइसकेपछि नयाँ शासन प्रणालीले देश र जनताका आवश्यकता र आकांक्षा पूरा गर्नुपर्ने गुरुतर दायित्व राज्य सञ्चालनको अभिभारा सहित पूरा गर्नुपर्ने दायित्व हाम्रो पार्टीमा रहेको छ । हाम्रा सामु नेपालको संविधानको मार्ग निर्देशन अनुरुप समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्दै समृद्ध नेपाल निर्माण गरी सुखी नेपालीको परिकल्पना साकार तुल्याउने, सबै प्रकारका असमान सन्धि-सम्झौताको पुनरावलोकन गर्दै विगतका असमान सन्धि-सम्झौताको बोझबाट देशलाई मुक्त गर्ने, उत्पादन शक्तिलाई सबै प्रकारका शोषण-उत्पीडनबाट मुक्त गर्दै उत्पादकत्व बढाउने र जनशक्ति तथा प्राकृतिक स्रोतलाई देशको सर्वोपरी हितका लागि सदुपयोग गर्ने जस्ता कार्यभार रहेका छन् । यसका साथै समावेशी लोकतन्त्रको लक्ष्य हासिल गर्ने, सामाजिक-आर्थिक क्षेत्रमा अग्रगामी परिवर्तन गर्ने, नेपाली समाजलाई खुशी र समृद्ध एवं समुन्नत बनाउने महत्वपूर्ण जिम्मेवारी हाम्रो काँधमा छ । यी र यस्तै कामहरु गर्दै शान्तिपूर्ण तवरले जनताको बहुदलीय जनवादको स्थापना गर्ने युगीन जिम्मेवारी हाम्रा सामु उपस्थित छ । यही कार्यनीतिक कार्यभार पूरा गर्दै आमूल परिवर्तनको दिशामा अघि बढ्न सक्ने गरी पार्टी निर्माण गर्नुपर्दछ । उदार प्रजातन्त्रको सुधारवादी सीमाभन्दा अघि बढ्न नचाहने नेपाली कांग्रेस लगायतका दक्षिणपन्थी शक्तिहरूलाई क्रान्तिकारी विचारद्वारा परास्त गर्नु, उग्रवामपन्थी संकीर्णताबाट मुक्त भइनसकेको नेकपा (माओवादी) लाई देश,

जनता, कम्युनिष्ट एकता र लोकतान्त्रिक मान्यताको पक्षमा रूपान्तरण गर्नु र नीति, विचार, सङ्गठन र सङ्घर्षका दृष्टिले प्रमुख शक्तिको भूमिका निर्वाह गरेको नेकपा (एमाले) लाई राष्ट्रिय राजनीति र राज्य सञ्चालनको प्रमुख शक्तिको हैसियतमा प्रभावकारी र एकताबद्ध रुपमा अघि बढाउनु यति बेला हाम्रा सामु उपस्थित मुख्य चुनौतीहरू हुन् । पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा प्रजातान्त्रीकरणको प्रश्न उठाइ रहँदा हामीले हाम्रा सामु उपस्थित चुनौती र कार्यभारलाई पनि गम्भीरतापूर्वक ध्यानमा राख्नुपर्छ ।

२.७ हामीले उन्नत प्रजातान्त्रिक मूल्यहरू अन्तरनिहित जनताको बहुदलीय जनवादलाई पार्टीको सिद्धान्तको रूपमा अवलम्बन गरेका छौं । जनताको बहुदलीय जनवाद राज्यसत्तालाई प्रजातान्त्रीकरण गर्ने सिद्धान्त मात्र होइन, पार्टी र व्यक्तिको नीजि जीवनलाई समेत प्रजातान्त्रीकरण गर्न मार्गदर्शन गर्ने सिद्धान्त हो । तर हामीले जनताको बहुदलीय जनवादको मार्गदर्शनमा पार्टीको सङ्गठनात्मक ढाँचा एवं त्यसलाई सञ्चालन गर्ने विधिलाई भने समयानुकूल विकसित गर्न र पार्टीको आन्तरिक जीवनलाई आवश्यक मात्रामा प्रजातान्त्रीकरण गर्न सकेका छैनौं । जसले गर्दा पार्टीलाई समाजको क्रान्तिकारी विकल्पका साथै तत्कालीन विकल्पको रूपमा स्थापित गर्ने सन्दर्भमा कतिपय समस्याहरूको सामना गर्नुपरिरहेको छ । यद्यपि आजपनि हाम्रो पार्टी मुलुकका अन्य राजनीतिक शक्तिहरूको सापेक्षतामा बढी प्रजातान्त्रिक छ भन्ने कुरामा कुनै द्विविधा छैन, तर हामीले अरूको तुलनामा होइन, आन्दोलन र देशको आवश्यकता अनुरूप आफ्नो आन्तरिक जीवनलाई प्रजातान्त्रिक बनाउनु जरुरी छ । हाम्रो आन्तरिक जीवनमा गरिने उचित प्रजातान्त्रीकरणले मुलुकका अन्य शक्तिहरूलाई पनि आफूलाई प्रजातान्त्रीकरण गर्न प्रेरित गर्नेछ र यसले समग्र मुलुकको प्रजातान्त्रीकरणको प्रकृयालाई बल पुऱ्याउने छ । आन्तरिक जीवनमा प्रजातन्त्र नभएको शक्तिले समाजको प्रजातान्त्रीकरणको लागि अग्रणी भूमिका खेल्न सक्दैन भन्ने तथ्यलाई हृदयंगम गर्दै हामीले पार्टी जीवनलाई थप प्रजातान्त्रीकरण गर्न जरुरी छ । पार्टीको प्रजातान्त्रीकरणको अर्थ हो- पार्टीको नीति र नेतृत्व निर्माणको प्रकृयामा सम्पूर्ण पार्टी पङ्क्तिको सहभागिता र संलग्नतालाई सुनिश्चित गर्नु, निर्णय प्रक्रियामा विभिन्न तहका कमिटी वा पार्टीका अंगहरुमा सम्बन्धित सबैले खुला-खुलस्त रुपमा आफ्ना विचार र राय राख्न सक्ने र छलफलबाट निष्कर्षमा पुग्ने वातावरण सिर्जना गर्नु, स्वीकृत निर्णयहरूको कार्यान्वयनका लागि विश्वसनीय आधार निर्माण गर्नु र पार्टीको सम्पूर्ण शक्तिलाई सामुहिक रूपमा देश, जनता र कम्युनिष्ट आन्दोलनको हितमा लाग्नसक्ने परिस्थितिको निर्माण गर्नु । यसको निम्ति आवश्यक र उपयुक्त वातावरण निर्माण गर्नु, नीति निर्माणमा सामुहिक नेतृत्व र कार्यान्वयनमा व्यक्तिगत जिम्मेवारीको स्थापित मान्यतालाई लागु गर्नु, केन्द्रीकृत र कमिटीगत नीति निर्माण र विकेन्द्रीकृत कार्यान्वयनको व्यवस्था गर्नु, नियन्त्रण र स्वतन्त्रताको सन्तुलन कायम गर्नु, महाधिवेशन मार्फत् पार्टीका आम सदस्यहरूद्वारा सार्वभौमसत्ताको प्रयोग र महाधिवेशनद्वारा आफ्ना निश्चित अधिकारहरू विधानमा सुनिश्चित गरेर केन्द्रीय कमिटी, केन्द्रीय निकायहरू र स्थानीय निकायहरूलाई प्रत्यायोजनको व्यवस्था गर्नु, नीति निर्माणमा अधिकतम् सहभागिताको प्रत्याभूति गर्नु, नेतृत्वलाई पार्टी सदस्यहरूप्रति

जबाफदेही बनाउनु, व्यक्तिको तजवीज होइन संस्थागत परिचालनको प्रबन्ध गर्नु, फरक मतले सहज छलफलको वातावरण र सम्मानप्राप्त गर्नु, बहुमतको निर्णय कार्यान्वयनको प्रत्याभूति गर्नु, जनसङ्गठनहरूको सन्दर्भमा पार्टीको वैचारिक मार्गदर्शन र सङ्गठनात्मक स्वायत्तताको प्रत्याभूति गर्नु, कतिपय महत्वपूर्ण विषयहरूमा नीति निर्माण गर्दा जनताको अभिमत प्राप्त गर्ने संयन्त्रको प्रबन्ध गर्दै अति केन्द्रीकरणलाई समाप्त पार्नु, आन्दोलनको प्रगति या असफलताको लागि जबाफदेही लिने अवस्था सृजना गर्नु र सबै तहमा प्रमुख नेतृत्वको निमित्त निश्चित कार्यकाल निर्धारण गर्नु आदि विषयहरू पर्छन् । यस प्रसंगमा हेर्दा आज पार्टी निर्माण, सञ्चालन र संरचनामा कतिपय समस्याहरू देखापरेका छन् र तिनीहरूले हामीसँग पार्टी निर्माण र सञ्चालनसम्बन्धी नीति तथा संरचनामा समयानुकूल परिवर्तनको माग गरिरहेका छन् । अनुभवका आधारमा हामीले देहायका समस्याहरूको समाधानको लागि आवश्यक कदम चाल्नु जरुरी देखिएको छ :

**२.७.१** पार्टीको राष्ट्रिय महाधिवेशन र मातहत कमिटीका अधिवेशनहरू विशेष अवस्थामा बाहेक नियमति रूपमै आयोजना भइरहेतापनि तिनलाई नीति र नेतृत्व निर्माणको वास्तविक थलो बनाउने कुरामा कतिपय समस्याहरू रहेका छन् । एकातिर विचारको छलफलको नाममा पार्टीमा अस्वस्थ प्रतिस्पर्धा पैदा हुने र त्यसले पार्टीमा विभाजन समेत उत्पन्न हुने तीतो अनुभव हामीसँग रहेको छ भने अर्कोतिर पार्टी विभाजनको अनुमानित आशंका वा नियोजित प्रचारमा विचारको छलफललाई असहज ढङ्गले लिने र अनावश्यक नियन्त्रण गर्ने जस्ता परिघटनाहरू पनि देखापरेका छन् । यसले पार्टी महाधिवेशनलाई नै नीति निर्माणको वास्तविक थलो बनाउने कुरामा समस्या पैदा हुने गरेको छ । यसरी नै नेतृत्व निर्माणको वास्तविक थलो महाधिवेशन/अधिवेशनलाई बनाउने कुरामा पनि समस्याहरू देखापरेका छन् । एकातिर महाधिवेशन/अधिवेशनपूर्व नै नेतृत्वको सम्बन्धमा अपारदर्शी योजनाहरू बनाउने, प्रतिनिधिहरुलाई स्वच्छ किसिमले छनौटको अधिकार उपयोग गर्न नदिएर अमुक व्यक्तिहरुलाई अमुक पदमा ल्याउन विधानको प्रवन्धसंग अमिल्दा व्यवहार गर्ने, पदीय हैसियतको उपयोग गर्दै महाधिवेशन/अधिवेशनलाई प्रभावित गर्ने र अर्कातिर कमिटीमा प्राविधिक बहुमतको आधारमा नेतृत्व परिवर्तनको निम्ति निरन्तर चलखेल गरिरहने जस्ता समस्याहरू देखापरेका छन् । त्यसैले महाधिवेशन/अधिवेशनहरू नीति र नेतृत्वका लागि निर्णय गर्ने वास्तविक थलो बनुन्, तिनलाई कुनै पनि बहानामा नियन्त्रण गर्ने र पार्टी सदस्यहरूको सार्वभौमसत्ता कुण्ठित गर्ने काम नहोस् तथा महाधिवेशन/अधिवेशनबाट नीति र नेतृत्वको निर्धारण भएपछि तिनको कार्यान्वयनको प्रत्याभूति तथा सामान्य प्राविधिक कारणले फेरबदल या अस्थिरता पैदा गर्ने काम नहोस् भनी सुस्पष्ट नीतिगत-विधिगत व्यवस्था गर्नु जरुरी देखिएको छ ।

**२.७.२** एउटा जीवन्त पार्टीमा विचारधारात्मक तथा नीतिगत विषयहरूमा बहस हुनु, त्यस दौरानमा फरक मतहरू देखापर्नु र त्यसको यथोचित किसिमले व्यवस्थापन नहुने स्थितिमा पार्टीमा समस्या पैदा हुनु स्वाभाविक हो । तर कम्युनिस्ट आन्दोलनमा फरक

मतप्रति सहिष्णु बन्ने र तिनको बारेमा छलफल गर्ने जीवन्त वातावरण निर्माण होस्, फरक मत राखेकै कारण कसैले पार्टीमा अपमानित या उपेक्षित भएको अनुभूति गर्न र पार्टीबाटै बाहिरिनु नपरोस्, स्वस्थ्य छलफल तथा उपयुक्त विधिद्वारा निर्णय भइसकेपछि निर्णय कार्यान्वयनको प्रत्याभूति होस् भन्ने कुरामा ध्यान दिनु जरुरी देखिएको छ । किनभने कम्युनिस्ट आन्दोलनमा फरक मतलाई सहज ढङ्गले नलिने र त्यसप्रति असहिष्णु बन्ने तथा फरक मतले पनि सहज प्रजातान्त्रिक वातावरण भित्र छलफल गर्ने विधि अवलम्बन गर्नुको साटो अराजकता र अस्वस्थताको बाटो लिने जस्ता समस्याहरू देखापरेका छन् । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा विचारधारात्मक सङ्घर्ष र वर्ग सङ्घर्षका सीमा रेखाहरू बारम्बार उल्लङ्घन भएका, समस्या समाधानका गुणात्मक रूपमै फरक विधिहरू एक-आपसमा छ्यासमिस भएका, पार्टीका कतिपय महत्वपूर्ण पदाधिकारीहरूमाथि भौतिक रूपमा समेत कार्यवाही भएका, पार्टीको एकता विखण्डित भएको तथा आन्दोलनले ठुलो क्षति बेहोर्नु परेका उदाहरणहरू प्रशस्त छन् । यस्ता दुर्घटनाहरू नघटुन् भन्नका लागि अन्तरविरोधहरुको व्यवस्थापन र समस्याको समाधानमा आवश्यक ध्यान पु-याउनु जरुरी देखिएको छ ।

**२.७.३** पार्टीमा सार्वजनिक जबाफदेहीको व्यवस्था स्थापना गर्नु जरुरी देखिएको छ । सफलताको लागि श्रेय लिने सम्बन्धमा जस्तो होडबाजी देखिन्छ, यसको तुलनामा आन्दोलनमा ठुला-ठुला धक्का या पराजयहरू व्यहोर्नु पर्दा पनि त्यसप्रति जबाफदेही हुने र उत्तरदायित्व बहन गर्ने सम्बन्धमा समस्या देखा पर्ने गरेको छ । पार्टीको प्रजातान्त्रीकरणको प्रश्नमा यस विषयलाई पनि समावेश गर्नु आवश्यक देखिएको छ ।

**२.७.४** पार्टीमा अधिकारको अति केन्द्रीकरण नहोस् र व्यक्ति या व्यक्ति निकटका समूहहरूको एकल नेतृत्व स्थापित नहोस् भन्ने विषयमा गम्भीर ध्यान दिनु जरुरी देखिएको छ । पार्टीमा हामीले अवलम्बन गर्दै आएको सामुहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारीको प्रणालीले विगतमा सकारात्मक परिणाम दिएको हो । पार्टी वैधानिक, खुल्ला र समाजका विभिन्न क्षेत्रमा अगुवाई गर्दै अगाडि बढिरहेको वर्तमान सन्दर्भमा सामुहिक बल, बुद्धि र विवेकको झनै बढी महत्व वा आवश्यकता छ । परिभाषित जिम्मेवारी सहित अधिकार र कर्तव्यको यथोचित बाँडफाँड नहुँदा अधिकारको अति केन्द्रीकरण हुने, बाँडफाँड गरिंदा पनि तजवीजि ढङ्गले गरिने जिम्मेवारी बाँडफाँडले काम प्रभावकारी रुपमा नहुने, त्यसले गर्दा नेतृत्वको एउटा टिम तयार हुन र त्यस मार्फत् सामूहिक नेतृत्वको विकास गर्न नसकिने र वैकल्पिक नेतृत्वको निर्माणमा पनि समस्या देखिने गरेको छ । यसको समाधानको लागि पनि आवश्यक संरचनागत व्यवस्था मिलाउनु जरुरी देखिएको छ ।

**२.७.५** कम्युनिस्ट आन्दोलनमा नेतृत्वको हस्तान्तरणको विषय एउटा गम्भीर समस्याको रूपमा रहँदै आएको छ । पार्टीमा स्वेच्छिक अवकाशको व्यवस्था नहुनु, उमेर या कार्यकालको हद निर्धारण गरेर पनि कार्यान्वयन नहुनु र नेतृत्व हस्तान्तरणको आवश्यक प्रबन्ध नहुनु आदि कारणले गर्दा नेतृत्वमा रहेको व्यक्ति लामो समयसम्म (

कतिपय सन्दर्भमा आजीवन पनि) नेतृत्वमा टिकिरहन चाहने, पदबाट हट्दा अयोग्य भएको ठहरिने मनोवैज्ञानिक भयबाट त्रसित हुने र पदमा टिकिरहन अनेकौं वाञ्छित/अवाञ्छित प्रयत्नहरू गर्ने तथा पद प्राप्त गर्न चाहनेले पनि वैध/अवैध उपायहरू अवलम्वन गर्ने स्थिति देखापरेको छ। यसले नेतृत्वको सहज हस्तान्तरणमा मात्र बाधा पुऱ्याएको छैन, नेतृत्व परिवर्तनको लागि अस्वस्थ होडबाजी, गुटबन्दी र षड्यन्त्रमूलक कृयाकलापलाई पनि जन्माउने गरेको छ । यसले आजको तीव्र प्रतिस्पर्धाको समयमा युवा पुस्ताबाट नेतृत्वको विकासमा अवरोध सिर्जना गरिरहेको छ । परिस्थितिले यस समस्याको समाधानको लागि ठोस र मूर्त प्रबन्धको माग गरिरहेको छ।

**२.७.६** वर्तमान सन्दर्भमा कुनै पनि पार्टीका नीति या निर्णयहरू केवल त्यही पार्टी विशेषका मात्रै सरोकारका विषयहरू हुँदैनन्, तिनीहरू आम चासोका विषयहरू बन्न पुग्छन् । अझ सरकार सञ्चालनको बागडोर समेत लिने राजनीतिक दलका प्रत्येक धारण, नीति, निर्णय र कामहरु आम जनताको चासो र सरोकारका विषय बन्नु स्वाभाविक हो । तर जनता, राष्ट्र या आन्दोलनसँग सम्बन्धित कतिपय महत्वपूर्ण विषयहरू नेतृत्वको सानो दायराबाट निर्णय हुने तर तिनमा सरोकारवाला आमजनताको त कुरै छाडौं, पार्टी कार्यकर्ताहरूको भावनाको पनि ख्याल नराख्ने समस्या देखिने गरेको छ। फलतः पार्टीको सार्वजनिक वा जनताको बिचमा प्रतिष्ठा कमजोर हुने र कार्यकर्ता तथा नेतृत्वको बीचमा भावनात्मक दुरी बढ्दै जाने स्थिति देखापरेको छ । पार्टी जीवनको प्रजातान्त्रीकरणका सन्दर्भमा यो समस्याको समाधान पनि एउटा महत्वपूर्ण विषय बन्नपुगेको छ।

**२.७.७** पार्टीको सर्वोच्च निकाय महाधिवेशन हो र दुई महाधिवेशनका बिचमा पार्टी केन्द्रीय कमिटी नै सर्वोच्च निकाय हो। पार्टी केन्द्रीय कमिटीलाई पनि नियन्त्रण र सन्तुलनको विधिबाट अगाडि बढाउनु पर्दछ। तर दुई महाधिवेशनको बिचमा केन्द्रीय कमिटीका कामहरूको अनुगमन गर्ने निकायको अभावमा त्यसलाई सामयिक ढङ्गले दिशा निर्देश गर्ने या महत्वपूर्ण सुझावहरू दिने काम हुनसकेको छैन। पार्टी केन्द्रीय कमिटीलाई समय-समयमा त्यसका कामहरूको अनुगमन, मूल्याङ्कन र दिशा निर्देश गर्ने तथा आवश्यक सुझाव दिने संयन्त्रको विकास गर्नु जरुरी देखिएको छ। विगतमा यो काम राष्ट्रिय परिषद्को बैठकबाट हुनेगरेको थियो । पछि महाधिवेशन प्रतिनिधि परिषद्को बैठक गर्ने तय भएको तर त्यसमा उक्त काम हुननसकेको स्थिति छ।

**२.७.८** पार्टी संरचनाहरूमा समाजको बहुलवादी चरित्रलाई प्रतिविम्वित गर्दै महिला, दलित, जनजाति, मधेशी समुदाय, दुर्गम क्षेत्र, आधारभूत वर्ग आदिको समुचित प्रतिनिधित्व गराउने र पार्टी संरचनालाई समावेशी तथा सहभागितामूलक बनाउने कुरामा समस्याहरू देखापरेका छन् । आज पनि पार्टी संरचनामा मध्यम वर्ग, कथित उच्च जाति र पुरुषहरू तथा कुनै क्षेत्र विशेषको प्रभुत्व स्थापित भइरहनु र समाजको आधारभूत तथा उपेक्षित तह-तप्काहरू एवं पिछडिएका क्षेत्रको सन्तोषजनक उपस्थिति नहुनुले पार्टीलाई आम श्रमजीवी जनताको प्रतिनिधित्व गर्ने शक्तिको रूपमा स्थापित गर्ने कुरामा कठिनाई उत्पन्न भइरहेको छ । पार्टीको प्रजातान्त्रीकरणको

प्रश्नमा प्रवेश गर्दा यस समस्याको समाधानको लागि पनि गम्भीर ध्यान पुग्नु आवश्यक छ ।

२.७.९ पार्टीको मूल्याङ्कनको वैज्ञानिक र वस्तुनिष्ठ विधि स्थापित गर्नु आवश्यक देखिएको छ । यसको अभावमा नेतृत्वको वरीपरी रहने, नेतृत्वलाई रिझाउन सक्ने र औसरवादी चरित्रका व्यक्तिहरूले विभिन्न लाभ उठाइरहने तर निष्ठा र समर्पणका साथ कार्यक्षेत्रमा खटिरहने तथा जनसमुदायमा स्थापित र लोकप्रिय इमान्दार, स्वच्छ र स्वाभीमानी चरित्रका व्यक्तिहरू उपेक्षित हुने या किनारा लाग्ने अवस्था सृजना भएको छ । समस्या समाधानका उपायहरूको खोजी गरिरहँदा यसतर्फ पनि ध्यान जानु आवश्यक छ ।

२.८. माथि उल्लेख गरिएका केही प्रमुख समस्याहरूको समाधान गर्न र पार्टीको आन्तरिक जीवनलाई प्रजातान्त्रीकरण गर्नका लागि हामीले अवलम्वन गर्दै आएका कतिपय नीतिगत तथा संरचनागत विषयहरूमा परिवर्तन या नयाँ व्यवस्था गर्नु आवश्यक देखिएको छ । त्यसका लागि देहाय बमोजिमको प्रस्ताव प्रस्तुत गरिएको छ :

२.८.१ पाँचौं महाधिवेशन पछि हामीले पार्टीलाई सर्वहारा, श्रमजीवी वर्गको पार्टी भन्ने गरेका छौं । पार्टीको वर्ग आधारसम्बन्धी यो निरूपण आधारभूत रूपमा ठिक छ । तर यसको ब्याख्यामा भने स्पष्टता र एकरूपता कायम हुनसकेको छैन । अब हामीले हाम्रो पार्टीलाई स्पष्टरूपमा शारीरिक वा मानसिक श्रम गर्ने सर्वहारा र श्रमजीवी वर्गको पार्टी भन्नुपर्दछ ।

२.८.२ केन्द्रीकरण र प्रजातान्त्रीकरण परस्पर विपरीत अवधारणाहरू हुन् । केन्द्रीकरणले प्रजातान्त्रीकरण हुन दिँदैन । केन्द्रीयताले शासनको भाव बोक्दछ, स्वेच्छिक अनुशासनको भावलाई बोक्न सक्तैन । जबकि अनुशासनले विधिको स्वेच्छिक पालना समेतलाई अभिब्यक्त गर्दछ । त्यसैले अब पार्टीको सङ्गठनात्मक सिद्धान्त “जनवादी केन्द्रीयता”को परिभाषा अनुशासित जनवाद अर्थात् “सुनिश्चित जनवाद र सुदृढ अनुशासन” हुनुपर्दछ । पार्टीलाई अमूर्त सिद्धान्तको आधारमा होइन, प्रजातान्त्रिक विधिद्वारा निर्माण गरिएको र प्रजातान्त्रिक विधिहरू अन्तरनिहित भएको मूर्त विधानका आधारमा सञ्चालन गर्नुपर्दछ । अनुशासनका मापदण्डहरू संस्थागत र विधिवत हुनुपर्दछ । यसरी तय गरिएका अनुशासनका मापदण्डहरूलाई ब्यक्तिले स्वेच्छाले पालना गर्नुपर्दछ र कदाचित उल्लङ्घन गरेमा पार्टीले ब्यक्तिलाई स्वीकृत विधिका आधारमा नियन्त्रण गर्नुपर्दछ । पार्टीमा फलामे अनुशासनको सट्टामा मानवीय अनुशासन स्थापित गर्नुपर्दछ । विचारमा विभिन्नता र निर्णय कार्यान्वयनमा एकरूपता सुनिश्चित गर्नुपर्दछ । नीति र नेतृत्व जस्ता बिषयहरूमा स्वस्थ प्रतिस्पर्धालाई सुनिश्चित तुल्याउनु पर्दछ । हरेकलाई प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने र जिम्मेवारी प्राप्त गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस सन्दर्भमा नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक-अधिकारको समेत हेक्का राख्नु पर्दछ ।

२.८.३ पार्टीको महाधिवेशन नीति र नेतृत्व निर्माणको सर्वोच्च थलो हो । यो पार्टीका सङ्गठित सदस्यहरूको सार्वभौमसत्ता अभिव्यक्त हुने सर्वोच्च मञ्च पनि हो । यो वास्तविकता व्यवहारमा पनि अभिव्यक्त होस् भन्नाका लागि महाधिवेशनमा निर्बाध

बहस र छलफलको वातावरण निर्माण गरिनुपर्छ । महाधिवेशनको प्रकृया एवं सहभागितालाई कुनै पनि बहानामा हस्तक्षेप गर्ने या कुण्ठित गर्ने काम नहोस् भन्ने कुराको प्रत्याभूति गरिनु पर्दछ । कतिपय सन्दर्भमा नीति निर्माणको विषय नेतृत्व निर्माणको प्रकृयाको अधिनस्थ भएको या दोश्रो विषयले पहिलो विषयलाई प्रभावित गरेको हाम्रो विगतको अनुभव छ । तसर्थ हामीले सिद्धान्त, कार्यक्रम, नीति र विधान जस्ता विषयहरूमा छलफल गर्न र आवश्यक निर्णय लिन विधान महाधिवेशन आयोजना गर्ने प्रबन्ध गरेका हौं । पार्टीको सर्वोच्च संस्था महाधिवेशनलाई स्थायी संस्थाका रूपमा महाधिवेशनका लागि निर्वाचित भएका प्रतिनिधिहरू अर्को महाधिवेशनका लागि नयाँ प्रतिनिधिहरूको निर्वाचन नभएसम्म यथावत् रहने व्यवथा गरी दुई महाधिवेशनको बिचमा महाधिवेशनबाट निर्णय लिनुपर्ने तहका समस्याहरू आइपरेमा महाधिवेशनका प्रतिनिधिहरूको बैठक आयोजना गर्ने व्यवस्था गरेका हौं । अतः महाधिवेशनमा पदेन प्रतिनिधिको व्यवस्थालाई अन्त्य गर्नुपर्दछ र हरेक नेता, कार्यकर्ता वा सदस्यले कुनै न कुनै ठाउँबाट निर्वाचित भएर मात्र महाधिवेशन प्रतिनिधि बन्न पाउने व्यवस्था गर्नुपर्दछ ।

२.८.४ पार्टीमा शक्ति पृथकीकरणको सिद्धान्तलाई स्पष्ट, जीवन्त र प्रभावकारी बनाउनु पर्दछ । यस निम्ति महाधिवेशनका प्रतिनिधिहरूको बैठकलाई विधायिका, केन्द्रीय कमिटीलाई कार्यपालिका र न्याय तथा अनुशासन कमिटीलाई न्यायपालिकाको भूमिका एवं जिम्मेवारी दिनु पर्दछ । न्याय तथा अनुशासन कमिटी र लेखा परीक्षण कमिटीलाई महालेखा परीक्षकको जिम्मेवारी दिनुपर्दछ । न्याय तथा अनुशासन कमिटी र लेखा परीक्षण कमिटीलाई जिल्ला तहसम्म विस्तार गर्नुपर्दछ । महाधिवेशन प्रतिनिधि परिषद्लाई दुई महाधिवेशनको बिचमा पार्टी केन्द्रीय कमिटीका काम-कार्यवाहीहरूको सम्बन्धमा अनुगमन, मूल्याङ्कन, नियन्त्रण, अनुमोदन र केन्द्रीय कमिटीका एक तिहाई सदस्यहरू हेरफेर गर्न सक्ने अधिकार प्रदान गर्नुपर्दछ ।

२.८.५ पार्टीमा निर्वाध रूपमा विचारको छलफल होस् भन्ने कुराको प्रत्याभूति गरिनु पर्छ । कतिपय सङ्गठनात्मक गोपनीयता र रणनीतिक महत्वका विषयहरू बाहेक पार्टी भित्रको नीतिगत मतभेद, विवादका विषय या फरक मतलाई कसैले मातहत कमिटी, पार्टीव्यापी या सार्वजनिक रूपमा छलफलमा लैजान चाहेमा पार्टीले विगतमा झैं तदनुरूपको व्यवस्था गरिदिनु पर्दछ । कसैले कमिटीमा राखेका नीतिगत प्रस्तावहरू सार्वजनिक गर्न चाहेमा निजलाई त्यस्तो छुट दिनुपर्छ । निर्णयको कार्यान्वयनको प्रत्याभूतिका साथै व्यक्तिका विचारको व्याख्या गर्ने अधिकार व्यक्तिलाई नै दिनुपर्छ । फरक विचार आउने कुरालाई सहज रूपमा लिनुपर्दछ । बहुमत या अल्पमतका विचारहरूलाई विचार प्रस्तोता को हो भन्ने कुरा ईङ्गित गरेर प्रस्तुत गर्नुपर्छ । कुनै पनि विचार या विचार प्रस्तोतालाई कुनै विशेषण या लेवल लगाउने काम गर्नुहुँदैन । छलफलमा प्रस्तुत भएका विचारका लागि सम्बन्धित व्यक्तिलाई श्रेय दिने या जिम्मेवार बनाउने व्यवस्था गरिनुपर्छ ।

२.८.६ पार्टी र क्रान्तिसँग सम्बन्धित कतिपय महत्वपूर्ण सवालमा पार्टीव्यापी रूपमा राय संकलन गर्ने र राष्ट्रको हितसँग सम्बन्धित कतिपय निर्णयहरू गर्नु पूर्व जनताको

अभिमत प्राप्त गर्ने विधिको व्यवस्था मिलाउनु पर्दछ । यसले पार्टीका निर्णयहरूमा व्यापक सहभागिता मात्रै सुनिश्चित हुनेछैन, त्यस्ता निर्णयहरू प्रभावकारी एवं कम विवादित पनि हुनेछन् ।

**२. ८.७** पार्टी नीतिका सम्बन्धमा प्रश्नहरू उठेको अवस्थामा पार्टीको प्रमुख नेताले सार्वजनिक सुनुवाई गर्दै स्पष्ट पार्नुपर्दछ । प्राप्त भएका सकारात्मक सुझावहरूको आधारमा पुनरावलोकन गर्नुपर्दछ र पार्टी नीतिलाई अद्यावधिक गर्नुपर्दछ । त्यसका लागि आवश्यक संयन्त्रको विकास गर्नुपर्दछ । पार्टीका नेता वा कार्यकर्ताको व्यक्तिगत जीवनलाई पारदर्शी तुल्याउने व्यवस्था गर्नुपर्दछ । त्यसरी नै व्यक्तिको आचरण या कामको सम्बन्धमा उठेका र व्यक्ति उत्तरदायी हुने प्रश्नहरूमा व्यक्तिले चाहेमा या अभियोग लगाउने समूहले माग गरेमा पार्टीका नेता/कार्यकर्ताहरूको हकमा पार्टी पङ्क्तिमा र जनप्रतिनिधिहरूको हकमा जनताको बिचमा सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने र निजले सफाइ दिनपाउने व्यवस्था गर्नुपर्दछ ।

**२.८.८** पार्टीका महत्वपूर्ण निर्णयहरू सकभर महाधिवेशन, महाधिवेशन प्रतिनिधि परिषद् या केन्द्रीय कमिटीको मञ्चबाट गर्ने, त्योभन्दा सानो निकायबाट गर्नुपर्ने भएमा त्यसलाई उपयुक्त समयमा अनुमोदन गराउने व्यवस्था मिलाउनुपर्छ । संस्थागत प्रकृयाभन्दा बाहिर गएर व्यक्ति विशेष या समूह विशेषद्वारा निर्णय गर्ने परिपाटीलाई अन्त्य गरिनुपर्छ र संस्थागत निर्णयको परिपाटीलाई सुनिश्चित गरिनुपर्छ ।

**२.८.९** नेतृत्वको अस्वस्थ प्रतिस्पर्धालाई रोक्न, सहज ढङ्गले नेतृत्व हस्तान्तरणको व्यवस्था मिलाउन र वैकल्पिक नेतृत्व स्थापित गर्न पार्टीको प्रमुख पदमा लगातार दुई कार्यकालभन्दा बढी बस्न नपाउने व्यवस्थालाई कायम राख्नु पर्दछ । यस्तो व्यवस्थाले नेतृत्वको सहज हस्तान्तरणलाई प्रत्याभूति गर्नेछ, नेतृत्व परिवर्तनको असहज, गुटगत र षड्यन्त्रमूलक प्रवृत्तिलाई निरुत्साहित गर्नेछ र नयाँ नेतृत्वको विकासको लागि अनुकूल वातावरण निर्माण गर्नेछ ।

२.८.१० जनवर्गीय सङ्गठनहरूले पार्टीको वैचारिक नेतृत्व एवं मार्गदर्शन स्वीकार्ने र उनीहरूलाई सङ्गठनात्मक विषयमा स्वायत्तता दिने कुरा पार्टीले आत्मसात् गर्दै आएको हो । तर व्यवहारमा त्यस अनुरुप भइरहेको छैन । सोही अनुरुप हुन र गर्नको लागि आवश्यक प्रबन्ध मिलाउनुपर्छ । जनसङ्गठनहरूमा काम गर्नका लागि पार्टीबाट कार्यकर्ताहरू थोपर्ने होइन, त्यहीँ भित्रको स्वस्थ प्रतिस्पर्धाबाट निर्वाचित हुने व्यवस्था गर्नुपर्दछ । पार्टीले किटान गरेका जनसङ्गठनहरूमा पार्टी फ्र्याक्सन निर्माण गर्ने विद्यमान व्यवस्थालाई अन्त्य गर्नुपर्दछ । विभागहरूलाई सम्बन्धित क्षेत्रको नीतिगत कार्यमा पार्टीलाई सहयोग गर्ने काममा केन्द्रीत गर्नुपर्दछ । पार्टीका फाँट र विभागहरूलाई स्पष्ट परिभाषित गरी काम नदोहोरिने गरी कार्यक्षेत्र अलग-अलग गर्नु पर्दछ ।

**२.८.११** समाजको बहुलतालाई स्वीकार गर्ने पार्टीले आफ्नो आन्तरिक जीवनको बहुलतालाई पनि स्वीकार गर्नुपर्दछ । पार्टी कमिटीहरूमा दलित, महिला, आदिबासी जनजाति, मधेशी, दुर्गम क्षेत्र, आधारभूत वर्ग तथा उपेक्षित समुदायको समुचित प्रतिनिधित्वहुने प्रबन्ध गर्नुपर्दछ । पार्टीलाई समाजको बहुलतावादी चरित्रको

प्रतिनिधित्व हुने किसिमले समावेशी र सहभागितामूलक बनाउनुपर्दछ । न्यूनतम योग्यता र मापदण्ड सुनिश्चित गर्दै त्यस्ता वर्ग या समुदायको समुचित प्रतिनिधित्वका लागि सकारात्मक विभेदको नीति लिनु र प्रोत्साहनको व्यवस्था गर्नुपर्दछ ।

**२.८.१२** पार्टीमा पारदर्शी, वस्तुनिष्ठ र वैज्ञानिक मूल्याङ्कन परिपाटीको विकास गर्दै इमान्दार र निष्ठावान कार्यकर्ताहरूको सम्मान र जिम्मेवारीको सुनिश्चित गरिनु पर्दछ ।

**२.८.१३** पार्टीका हरेक तहका कमिटीहरूमा पदेन सदस्य रहने व्यवस्थालाई अन्त्य गर्नुपर्दछ । सबै तहका पार्टी कमिटीहरू निर्वाचनद्वारा बन्ने व्यवस्था गर्नुपर्दछ । जति धेरै तह भयो त्यति धेरै केन्द्रीकरण हुनसक्छ भन्ने मान्यतालाई आत्मसात् गर्दै भौगोलिक जिल्लाबाहेक अन्य प्रकारका विशेष जिल्ला कमिटी निर्माण गर्ने वर्तमान प्रचलनको अन्त्य गर्नुपर्दछ । वैकल्पिक पार्टी सदस्यको व्यवस्था हुँदा अभ्यास गरिएको बेला पार्टी कमिटीमा पनि वैकल्पिक सदस्य राख्ने व्यवस्थालाई अन्त्य गर्नुपर्दछ ।

**२.८.१४** केन्द्र र प्रदेश संसद, स्थानीय निकाय जस्ता जनप्रतिनिधि संस्थाहरूका लागि पार्टीका उम्मेदवारहरू चयन गर्दा सम्बन्धित कार्यक्षेत्रका पार्टी सदस्यहरूको अभिमत लिने र त्यसलाई निर्णयको मुख्य आधार बनाउने व्यवस्था गर्नुपर्दछ । सम्बन्धित क्षेत्रका पार्टी सदस्यहरूको अभिमतभन्दा भिन्न निर्णय गरेको अवस्थामा निर्णय गर्ने कमिटीले आफ्नो निर्णयको आधार, कारण र औचित्यका सम्बन्धमा त्यो कार्यक्षेत्रका पार्टी सदस्यहरूलाई जानकारी दिने व्यवस्था गर्नुपर्दछ ।

**२.८.१५** पार्टीमा तल्लो र माथिल्लो कमिटी बिचको सम्बन्ध, नेता र कार्यकर्ता बिचको सम्बन्ध, पार्टी कार्यकर्ता र जनता बिचको सम्बन्ध प्रजातान्त्रिक मान्यतामा आधारित हुनुपर्दछ । विधानद्वारा निश्चित गरिएका पार्टी कमिटीका अधिकारहरू अतिक्रमित नहुने कुरा सुनिश्चित हुनुपर्दछ ।

## ३. वर्तमान पार्टी जीवनका प्रमुख समस्या

माथि उल्लेखित समस्या र त्यसको समाधानका बारेमा हामीले विगतमा पार्टीमा वहस, छलफल र निष्कर्ष निकालेको कुरा सर्व विदितै छ । हामीले जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्तको रुपमा विकास गर्ने क्रममा निश्चित मान्यताहरुलाई स्थापित गरेका थियौं । पार्टी सञ्चालनको विधि, कमिटी प्रणाली र सञ्चालनको विधि र प्रकृया तथा आफ्नै मौलिक ढाँचा र नेतृत्व निर्माणको लोकतान्त्रिक विधिलाई विधानद्वारा निर्देशित हुने व्यवस्था गऱ्यौं । आठौं राष्ट्रिय महाधिवेशनमा बहुपदीय प्रणालीलाई अभ्यासमा ल्यायौं । पदाधिकारीको परिभाषित जिम्मेवारी विधानमै तोकियो । सबै तहका पदाधिकारी र सदस्यहरु प्रत्यक्ष निर्वाचित हुने प्रणालीलाई पार्टी जीवनमा लागु गऱ्यौं । स्वतन्त्र र गोप्य मतदानका माध्यमबाट महाधिवेशन वा अधिवेशनका प्रतिनिधिले नै आफ्नो नेता छान्ने प्रणाली लागु गऱ्यौं । नेताले नेता चुन्ने विगतको प्रणालीलाई छोडेर कार्यकर्ताले नै नेता चुन्ने लोकतान्त्रिक अभ्यासलाई स्थापित गऱ्यौं । प्रमुख नेता वा नेताहरुको समुहले नेता बनाउन खोजेर पनि नेता बन्न नसक्ने र प्रमुख नेता वा नेताहरुको समुहले नचाहदा पनि नेता चुनिन सक्ने अभ्यासलाई पार्टीको

जीवनमा व्यवहारमा लागु गऱ्यौं । टिके प्रथालाई संपूर्ण रुपमा पूर्णविराम लगाउने काम भयो । पार्टी विधानमै पार्टी सदस्यलाई सार्वभौम  बनाउने व्यवस्था गरियो । पार्टी सदस्यले आफ्नो मतको विवेकसम्मत प्रयोग गरेको देखियो । समुह-समुह बनाएर खुल्ला प्रतिस्पर्धा हुदापनि समुहको प्रमुख नेता एक समुहको निर्वाचित हुदा अर्को समुहको पदाधिकारी र सदस्य निर्वाचित भएका थुप्रै परिणाम देखिए । देशभरीका अनेकौं कमिटीका अधिवेशन र जनबर्गिय संगठनका अनेकौ कमिटीमा लोकतान्त्रिक विधिबाटै आ-आफ्नो कमिटीका नेता निर्वाचित गर्ने अभ्यासलाई जिवन्त बनाउने काम भयो । यस अभ्यासले नेता र कार्यकर्ताको बीचमा जीवन्त सम्बन्ध हुने र पार्टीभित्र सकारात्मक रक्त सञ्चार गराउने काम भयो । पार्टी र जनबर्गिय संगठनका सबै कमिटीमा व्यापक छलफल र बहसबाट निर्णयमा पुग्ने लोकतान्त्रिक अभ्यास पनि भयो । पार्टीमा नेतृत्व विकासको सहज प्रणाली स्थापित गर्न एउटै कार्यकारी पदमा दुई अवधि भन्दा बढि नरहने र ७० वर्ष उमेर हद कायम गरेर जीवन्त पार्टी निर्माण गर्न लोकतान्त्रिक मान्यतालाई स्वीकार गरियो र नवौं राष्ट्रिय महाधिवेशनबाट पारित विधानमा उक्त प्रावधान राखियो । पार्टीका सदस्यहरु नेताहरुको वरिपरि घुमिरहने समस्याबाट एक स्तरको मुक्ति भएको थियो । पार्टी नेता बन्न चाहने व्यक्तिहरु पार्टीका कार्यकर्ता र जनतासँगको घनिष्ठ सम्बन्धमा रहनु पर्ने आम परिस्थिति निर्माण भयो । पार्टीको नवौं महाधिवेशनसम्म आई पुग्दा हाम्रो आन्दोलनको इतिहासमा कहिल्यै पनि अभ्यास नगरिएको औपचारिक मतपत्रमै समुह खडा गरी निर्वाचित हुने अभ्यास पनि भयो । नेतृत्व निर्माणका सम्बन्धमा खुला प्रतिस्पर्धाको अभ्यास त नमुना ढंगले भयो तर यस बीचमा शिरदेखि तिरसम्मै गुटगत गतिविधि तीब्र भए । गुटको आबरणमा वाञ्छित, अवाञ्छित, बैध, अबैध क्रियाकलाप खुलेआम हुनथाले । प्रतिस्पर्धा स्वस्थ होइन, अस्वस्थ हुन थाले । पार्टी सदस्य बनाउन अरुले शुल्क तिरि दिने गलत अभ्यासको शुरुआत पनि यसै अवधिमा भयो । कुनै कुनै गुटमा सक्रिय नहुने सक्षम र असल कार्यकर्ताहरु माथि अन्याय हुने स्थिति भोग्नु पऱ्यो । यस अवधिमा विकास भएका नकारात्मक क्रियाकलाप र प्रवृत्तिलाई हटाएर स्वस्थ बहस र प्रतिस्पर्धाको असल अभ्यासलाई पार्टी जीवनको अभिन्न अंग बनाउनु पर्नेमा नवौं महाधिवेशन पछि जबजले निर्देशित गरेका असल अभ्यासहरु पनि समाप्त भएर गए । छलफल, बहस, आलोचना, आत्मालोचनाको अभ्यासले प्राथकिमता पाउन छोड्यो । भिन्न मत सके प्रकट हुन नदिने, भईहाले भने असहिष्णुताको व्यवहार गर्नेमात्रै होइन, कतिपय अबस्थामा प्रतिशोध साँध्नेसम्मका व्यवहार पार्टी जीवनमा देखिए । सीमित नेताहरु बसेर निर्णय गर्ने र त्यही निर्णयलाई औपचारिकता दिनका लागि कमिटीका बैठकबाट पारित गराउने गैरलोकतान्त्रिक अभ्यासले निर्णयको प्रभावकारी कार्यान्वयन र जिम्मेवारी बहन नहुने समस्या पार्टीमा देखियो । केन्द्रीय कमिटी, स्थायी कमिटी, पोलिटव्यूरोका बैठकहरु समयमा नबोलाउने, बैठक भएपनि प्रयाप्त छलफल नहुने, हरेक निर्णय सचिवालयबाट गर्ने र तुरुन्तै कार्यान्वयन गरी हाल्ने, विषयको सान्र्दभिकता सकिसके पछि केन्द्रीय कमिटीबाट अनुमोदन गराउनाले दुई महाधिवेशनको बीचको सर्वोच्च कार्यकारी केन्द्रीय कमिटी सचिवालयका निर्णयमा ल्याप्चे लगाउने कमिटीको रुपमा भूमिकाविहीन अबस्थामा पुऱ्याइएको छ । भयरहित राजनीतिक बातावरणमा आफुलाई लागेका कुरा प्रष्टसँग राख्ने अबस्था छैन । दब्बु मानसिकतामा  रहेका कार्यकर्ता र नेताहरु संगठित रहेका कमिटीहरु औपचारिकतामा सीमित रहेको अबस्था छ । कमिटीहरुमा राजनीतिक, वैचारिक बहसको बाताबरण छैन । सिंगो

पार्टी राजनीतिक, वैचारिक रुपमा होइन, प्राविधिक रुपमा गैरसरकारी संस्थाको ढाँचाबाट चलिरहेको स्थिति छ । जबजले स्थापित गरेका मान्यताहरु हात्तिको देखाउने दाँतमात्रैमा सीमित गरिएको छ । यस स्थितिबाट पार्टीलाई मुक्त गर्न हामीले जबजको मूल सिद्धान्त र त्यसले विकास गरेका मूल्य र मान्यतालाई दह्रो गरी आत्मसात गर्नु पर्दछ ।

## ४.विधान संशोधन सम्बन्धी प्रस्तावबारे

विधानमा मुलतः दुई किसिकका प्रावधान रहेका हुन्छन् । एक, पार्टी सञ्चालनको दैनन्दिनसंग सम्बन्धित प्राविधिक विषय र दोश्रो पार्टीको विचार, राजनीति र सिद्धान्तसँग बढि सम्बन्धित रहेका विषय । यस महाधिवेशनको मुख्य छलफलको रुपमा विधान संशोधनको विषय पनि एक हो । प्रस्तावित विधान संशोधनको प्रस्तावमा प्रथम विधान महाधिवेशनद्वारा पारित विधानको धारा ६४(१) र (२) कायमै गर्ने वा हटाउने भन्ने प्रमुख मुद्दाका रुपमा रहेको छ । यस धारामा गरिएको दुई कार्यकाल पदाधिकारी भई सकेपछि तेश्रो कार्यकालका लागि त्यही पदमा उम्मेदवार हुन नपाउने र ७० वर्षको उमेर पूरा भएपछि कुनै पनि कमिटीको सदस्य हुन नपाउने व्यवस्था जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्त बनाउने सिलासिलामा विकास गरिएको पार्टी जीवनको लोकतान्त्रिकरणका मान्यताहरु मध्ये महत्वपूर्ण मान्यताको रुपमा स्वीकार गरी नयाँ नेतृत्वको सहज आगमन र भईरहेको नेतृत्वको सहज वर्हिगमनको विधिसँग प्रत्यक्ष सम्बन्धित रहेको छ । पार्टी जीवनको लोकतान्त्रिकरणको मुख्य निष्कर्ष यस प्रतिवेदनको विगतको समीक्षा खण्डमा उल्लेख गरिसकिएको छ । धारा ६४ संग सम्बन्धित केही मान्यतालाई यहाँ प्रस्तुत गर्नु सान्दर्भिक ठान्दछु ।

**४.१** नेतृत्वको अस्वस्थ प्रतिस्पर्धालाई रोक्न, सहज ढङ्गले नेतृत्व हस्तान्तरणको व्यवस्था मिलाउन र वैकल्पिक नेतृत्व स्थापित गर्न पार्टीको प्रमुख पदमा लगातार दुई कार्यकालभन्दा बढी बस्न नपाउने व्यवस्था मिलाउनु पर्दछ । यस्तो व्यवस्थाले नेतृत्वको सहज हस्तान्तरणलाई प्रत्याभूति गर्नेछ, नेतृत्व परिवर्तनको असहज, गुटगत र षड्यन्त्रमूलक प्रवृत्तिलाई निरुत्साहित गर्नेछ र नयाँ नेतृत्वको विकासको लागि अनुकूल वातावरण निर्माण गर्नेछ । *(जबज र पार्टी जीवनको लोकतान्त्रिकरणसम्बन्धी पुस्तिका, पेज ८५, प्रस्तोताः कमरेड के.पी.शर्मा ओली)*

**४.२** कम्युनिस्ट आन्दोलनमा नेतृत्व हस्तान्तरणको विषय एउटा गम्भीर समस्याको रूपमा देखापरेको छ । पार्टीमा स्वेच्छिक अवकाशको व्यवस्था नहुनु, उमेर या कार्यकालको हद निर्धारण नहुनु र नेतृत्व हस्तान्तरणको आवश्यक प्रबन्ध नहुनु जस्ता कारणले गर्दा नेतृत्वमा रहेको व्यक्ति लामो समयसम्म (कतिपय सन्दर्भमा आजीवन पनि) नेतृत्वमा टिकिरहन चाहने, पदबाट हट्दा अयोग्य भएको ठहरिने मनोवैज्ञानिक भयबाट त्रसितहुने र पदमा टिकिरहन अनेकौं वाञ्छित /अवाञ्छित प्रयत्नहरू गर्ने तथा पद प्राप्त गर्न चाहनेले पनि वैध/अवैध उपायहरू अवलम्वन गर्ने स्थिति देखापरेको छ । यसले नेतृत्वको सहज हस्तान्तरणमा मात्र बाधा पुऱ्याएको छैन, नेतृत्व परिवर्तनको लागि अस्वस्थ होडबाजी, गुटबन्दी र षड्यन्त्रमूलक कृयाकलापलाई पनि जन्माउने काम गरेको छ । यसले आजको तीव्र प्रतिस्पर्धाको समयमा युवा पुस्ताबाट नेतृत्वको विकासमा

अवरोध सिर्जना गरिरहेको छ । परिस्थितिले यस समस्याको समाधानको लागि ठोस र मूर्त प्रबन्धको माग गरिरहेको छ । *(जबज र पार्टी जीवनको लोकतान्त्रिकरणसम्बन्धी पुस्तिका, पृष्ट ६९, प्रस्तोता: कमरेड के.पी.शर्मा ओली)।*

४.६ पार्टीको आठौं महाधिवेशनबाट हामी अध्यक्ष सहित बहुपदीय संरचनामा प्रवेश गर्‍यौं । पार्टीमा बैचारिक एकता कायम गर्न नसक्दा बहुपद बहुकेन्द्रका रुपमा विकास हुने अवस्था सिर्जना भयो । मुख्य नेतृत्वको अगुवाईमा सामुहिक नेतृत्वको भावना अनुरुप पार्टी सञ्चालन हुन आवश्यक हुन्छ । विगतका हाम्रा अभ्यास र अनुभव त्यस अनुरुप हुन सकेनन् । उच्च स्तरको लोकतान्त्रिकरणको अपेक्षा राखेर जसरी बुहपदीय प्रणालीको विकास गरियो, पार्टी तद्अनुरुपको दिशातिर नगई बहुपद स्वार्थ र महत्वाकांक्षा सहितको बहुकेन्द्र बन्ने अवस्था सिर्जना भयो । मैत्रीपूर्ण, सौहार्द, कुशल र सक्षम नेतृत्वको ठाउँ विवाद र अन्तरद्वन्द्वले लिने स्थिति देखियो । नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को एकीकरण भंग भई नेकपा (एमाले) पुर्नस्थापित भएको अबस्थामा पार्टीको लोकतान्त्रिकरण गर्दा विगतमा एमालेको अभ्यासले स्थापित गरेको नेतृत्व विकास र हस्तान्तरणका विधि र पद्धतिलाई प्रभावकारी ढंगले लागु हुनुपर्थ्यो । दुई कार्यकालभन्दा बढि एकल नेतृत्वमा रही काम गरिसकेको व्यक्तिलाई पुन:अध्यक्ष वा मुख्य कार्यकारी पदमा उठ्ने अनुमति दिनु हुदैन । पार्टीमा तीन कार्यकालभन्दा लामो समयसम्म एकल र शक्तिसम्पन्न कार्यकारी अधिकारसहितको महासचिवको भूमिकामा कार्यरत रहेका माधवकुमार नेपाललाई अध्यक्षको उम्मेदवार बन्न दिदा उत्पन्न गतिरोध र समस्याबाट हामी सबैले गहन पाठ सिक्नु आवश्यक छ । हामीले गतिशील र जीवन्त पार्टी निर्माणको सन्दर्भमा पार्टी प्रवेश हुने र सम्मानजनक रुपमा विदाई हुने प्रणालीलाई स्थापित गर्नु पर्दछ । पार्टी नेतृत्व निर्माणमा तीन पुस्ताको योजनावद्ध र बैधानिक प्रबन्ध गरिनु आवश्यक छ । अनुभवी र पाको उमेरको नेतृत्व पंक्तिले पार्टीभित्र मैत्रीपूर्ण अभिभावकीय भूमिका निर्वाह गर्ने परिपाटी बसाउदै पार्टी भित्रको लोकतान्त्रिकरणको प्रक्रियालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु आवश्यक छ । सत्तरी वर्षको उमेरहदलाई सत्तरी वर्ष पूरा नहुँदासम्म उम्मेदवार हुनपाउने र कार्यकाल पूरा नहुदासम्म जिम्मेवारीमा रहनपाउने स्पष्ट व्यवस्था गरी त्यसलाई यथावत् राख्नु उपयुक्त हुन्छ । *(प्रथम विधान महाधिवेशनबाट पारित संगठनात्मक प्रस्ताव, पृष्ट, ८१, ८२, शीर्षक : नेतृत्व विकास र हस्तान्तरणको विधिसम्मत प्रणाली )।*

जबजका उपर्युक्त सिद्धान्त र मान्यतालाई पार्टी जीवनमा विधिपूर्वक कार्यान्वयन गर्नका लागि प्रथम विधान महाधिवेशनद्वारा पारित विधानको धारा ६४ (१) र (२) को व्यवस्था गरिएको हो । विधानको यस प्रावधानलाई प्राविधिक वा सामान्य विषयको रुपमा चित्रित गर्नु जबजको लोकतान्त्रिकरणको मान्यताको ठाडो उल्लंघन हो । विश्व कम्युनिस्ट आन्दोलन र नेपालको कम्युनिस्ट आन्दोलनमा देखा परेको आजीवन नेतृत्वमा बसिरहन र टिकिरहनका लागि गरिने अनेकौं प्रकारका बाञ्छित, अवाञ्छित, बैध तथा अबैध काम, क्रियाकलाप र गतिविधिको अन्त्य गरेर विधि बमोजिम पुरानो नेतृत्वको वर्हिगमन र नयाँ नेतृत्वको आगमनको लागि गरिएको वैधानिक व्यवस्था हो । यस व्यवस्थालाई विधानमा राखेर नेतृत्व निर्माणको बैज्ञानिक र सर्वस्वीकार्य मान्यतालाई सिँगै पार्टीको एकमतले पारित गरिएको हो । यो व्यवस्था कुनै पनि

व्यक्तिलाई हेरेर गरिएको व्यवस्था होइन भन्ने कुरा माथि उल्लेखित दृष्टान्तले स्पष्ट पारिसकेको छ । प्रथम विधानमहाधिवेशनबाट पारित संगठनात्मक प्रस्तावले प्रदान गरेको दिशालाई कुनै पनि कमिटीले उल्लंघन गर्ने व्यवस्था न हाम्रो विधानमा रहेको छ न जबजको सिद्धान्तले नै त्यो अनुमति हामीलाई दिन्छ । जहासम्म दशौं राष्ट्रिय महाधिवेशन, चितवनबाट केन्द्रीय कमिटीको संख्या, केन्द्रीय आयोगको संख्या, केन्द्रीय पदाधिकारीको संख्या घटिवढि गर्दा धारा ६४(१)को प्रावधानमा रहेको भाषाले पार्टी अध्यक्ष कमरेड के.पी.शर्मा ओलीलाई दशौं राष्ट्रिय महाधिवेशनमा उम्मेदवार हुन नपाउने जस्तो लागेर त्यो प्रावधानलाई संशोधन गरिएको भन्ने तर्क छ, यो तर्क युक्तिसंगत, विधिसंमत र तथ्यसंगत रहेको देखिदैन । पहिलो कुरा, केही व्यक्तिले विधानको प्रावधानमा लेखिएको भाषाले दिने अर्थको बारेमा करिब १० वर्षको अन्र्तसंघर्ष र बहसबाट निकालिएको निष्कर्षमा आधारित विधानको धारालाई छलफल नै नगराई संशोधन गरिनु जबजले स्थापित गरेको लोतान्त्रिकरणको मान्यता अनुरुप हुदैन । अर्कोतिर यदि केही व्यक्तिको बुझाई त्यस्तो भएको हो भन्ने कुरालाई पत्याउने हो भने पनि अस्पष्ट भएको भाषालाई स्पष्ट गर्ने गरी विधान संशोधन गर्ने कि भएको विधानको प्रावधान नै हटाउने ? कुर्तक गरेर महाधिवेशनको निर्णय भन्दै पार्टीपंक्तिलाई गुमराहमा राख्ने काम जबजको सिद्धान्तसँग मेल खादैन । पार्टी अध्यक्ष कमरेड के.पी.शर्मा ओलीको नेतृत्वमा स्थापित गरिएको पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतालाई सिँगै पार्टीले आत्मसात् गरिरहेको छ । लामो संघर्षबाट स्थापित मान्यतालाई व्यक्ति केन्द्रित भएर भत्काउने काम गर्नु कम्युनिस्ट आन्दोलनको भविष्यका लागि हानिकारक हुनेछ । व्यक्ति वा पार्टी लोकतान्त्रिक हुने भनेको लोकतन्त्रका मूल्य र मान्यताको ओठेभक्तिले सिद्ध हुदैन, कार्य-व्यवहारमा ती मान्यतालाई लागु गरेरमात्रै प्रमाणित हुने गर्दछ । नेकपा (एमाले) लक्ष्यका दृष्टिकोणले क्रान्तिकारी र विधिको दृष्टिकोणले पूर्ण लोकतान्त्रिक पार्टी हो । यही विशिष्टताका कारणले नेपाली जनताको साथ र समर्थनमा जनताको रोजाईको पहिलो पार्टी बनेको हो । यसको विशिष्ट पहिचानलाई जोगाउनका लागि स्थापित गरेका लोकतान्त्रिक मान्यताको पालना गर्नै पर्दछ । यी तथ्यहरुका आधारमा प्रथम विधान महाधिवेशनबाट पारित विधानको धारा ६४(१) र (२) को प्रावधानलाई दोश्रो विधान महाधिवेशनले पनि कायम गर्नु पर्दछ भन्ने प्रस्ताव विधानमहाधिवेशनका सम्मानित प्रतिनिधि कमरेडहरु समक्ष प्रस्तुत गर्दछु ।

## ५. पार्टीका प्रदेश, जिल्ला र स्थानीय कमिटीका अधिवेशन र जनसंगठनमा देखापरेका समस्या

### *५.१ पार्टीका प्रदेश, जिल्ला र स्थानीय कमिटीभित्रका समस्या*

प्रथम विधान महाधिवेशनबाट पारित विधानमा सबै तहका कमिटीका सदस्यको सँख्या, कमिटीका सदस्य र पदाधिकारीको मापदण्ड, कमिटी सञ्चालनको विधि, महाधिवेशन तथा अधिवेशनमा नेतृत्व निर्माणको विधि तोक्ने काम गरियो । प्रदेश कमिटीको अध्यक्ष केन्द्रीय कमिटीको पदेन सदस्य हुने व्यवस्था विधानमा गरियो, जसका कारणले केन्द्रीय सदस्य वा सोभन्दा माथिल्लो कमिटीमा जान चहाने व्यक्तिहरु प्रदेशको अध्यक्ष नरहने गरी प्रदेशका पदाधिकारी केन्द्रीय कमिटीले नै तोक्यो र प्रदेश अधिवेशन गर्ने मिति पनि केन्द्रीय कमिटीले नै तोकिदियो । प्रदेश कमिटीको अधिवेशन कुन मितिमा गर्ने भन्ने मिति तोक्ने अधिकार प्रदेश कमिटीमै थियो । तोकिएको मितिमा कुनै पनि प्रदेश कमिटीको

अधिवेशन हुन सकेन । अधिवेशन नहुदै पार्टीको सचिवालयले विधानको व्यवस्था विपरीत प्रदेश कमिटीको अध्यक्ष पोलिटव्यूरोको मर्यादाक्रममा रहने निर्णय गऱ्यो । विधान महाधिवेशनको समयमा यस बारेमा गहन छलफल भएको थियो । उक्त छलफलका क्रममा प्रदेश अध्यक्षको भूमिका र अधिकारको दृष्टिकोणले स्थायी कमिटी वा पोलिट्व्यूरोको सदस्य सरह राख्दा पनि हुन्छ भन्ने तर्कलाई बेवास्ता गरियो तर पछि विधान विपरीतको निर्णय गरियो । यस निर्णयले प्रदेशका अधिवेशन तनावपूर्ण, सकसपूर्ण र सिँगै पार्टीको नेतृत्व नै पक्षधरतामा संलग्न भएको स्थिति देखियो । दशौं राष्ट्रिय महाधिवेशन पछिको नेतृत्वलाई विवादित बनाउने पहिलो घटनाको रुपमा प्रदेशका अधिवेशन कारकको रुपमा रहे । प्रदेशका अधिवेशनका क्रममा पार्टी केन्द्रीय कार्यालयबाटै कसैलाई आधिकारिक र कसैलाई अनाधिकृत उम्मेदवार भनेर विल्ला भिराउने पार्टी जीवनको लोकतान्त्रिक मान्यता विपरीतका व्यवहार गरिए । सातै प्रदेशमा पार्टीले जे जस्तो नोक्सानी व्यहोर्नु पर्ने हो व्यहोरी सके पछि पुनः प्रदेश अध्यक्ष पदेन केन्द्रीय कमिटी सदस्य नै रहने अपानी जारी गरियो । यसलाई संगठनात्मक अराजकता नभनि के भन्ने ? सिँगै पार्टीपंक्ति कित्ताबन्दी गराउने यस निर्णयबारे जवाफदेही हुनु पर्दछ कि पर्दैन ? यस महाधिवेशनका प्रतिनिधिहरुले जवाफ खोज्नु पर्दछ र विधानको व्यवस्था विपरीतका निर्णयहरु कुनै पनि कमिटीले गर्नु हुदैन भनेर खवरदारी गर्नु पर्दछ । विधान विपरीतको निर्णय गर्ने केन्द्रीय सचिवालयले विधान महाधिवेशन समक्ष आत्मालोचना गर्नु पर्दछ भन्ने प्रस्ताव यस गरिमामय महाधिवेशनको बैठक समक्ष प्रस्तुत गर्दछु ।

**५.२.** जिल्ला र स्थानीय कमिटीका अधिवेशनहरुमा पनि सोझै केन्द्रको हस्तक्षेप देखियो । नीति र नेतृत्वको बारेमा समान मत भएका जिल्ला र स्थानीय कमिटीका नेताहरुलाई केन्द्रीय कमिटीकै नेताहरुले मूल नेतृत्वको हवाला दिएर पक्षधरताको स्थिति बनाइयो । स्थानीय अन्तरविरोधलाई समाधान गर्न नेतृत्वले पहल गर्नुको साँटो केन्द्रले स्थानीय अन्तरविरोधलाई चर्काउने र नभएका ठाँउमा अन्तरविरोध सिर्जना गर्ने, सहजै सहमति हुनसक्ने ठाँउमा पनि माथिबाटै उम्मेदवार बनाई दिने र व्यक्तिलाई केन्द्रमा राखेर गुट खडा गर्ने काम भयो । नेतृत्व निर्माणका सम्बन्धमा सके सहमति, सहमति हुननसकेमा स्वस्थ प्रतिस्पर्धा पार्टी जीवनको लोकतान्त्रिक मान्यताले स्थापित गरेको विधि हो । सहमतिको लागि नेतृत्वले पहल गर्नु उसको दायित्व हो तर सहमति उम्मेदवारको बीच हुनु पर्दछ । नेतृत्वले आफ्नो निर्णय लाद्नु हुदैन । पार्टीमा कोही आधिकारिक र कोही अनाधिकारिक हुनु हुदैन । यसले पार्टीका नेता, कार्यकर्ताको मनोबललाई कमजोर पार्ने काम गर्दछ भन्ने निष्कर्षका साथ पार्टी जीवनको लोकतान्त्रिकरणको प्रमुख मान्यताको रुपमा स्वीकार गरिएको हो । तर अहिलेको पार्टी जीवनको व्यवहारमा विगतको नकारात्मक अभ्यासलाई निरन्तरता दिइएको छ । यसलाई पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यता बमोजिम अघि बढाउनु पर्दछ । पार्टीका हरेक कमिटीहरु विधानले दिएको अधिकार र कर्तव्यको सीमाभित्र रहेर स्वतन्त्र, सिर्जनशील र रचनात्मक सोचका साथ चल्न पाउने व्यवस्था विधानले गरेको छ । तर स्थानीय कमिटी, जिल्ला कमिटी र प्रदेश कमिटीहरु त्यस अनुरुप चल्न पाइरहेको स्थिति छैन । केन्द्रभन्दा तलका

कमिटी केन्द्रको आदेश र अभियान पर्खेर बस्ने, आफ्नो अधिकार र कर्तव्यको पालना गर्न नसक्ने, आफुले योजना बनाएर चल्ने अबस्था सिर्जना भएको छ । केन्द्रीय कमिटी र सो भन्दा तलका कमिटी बीचको अन्तरसम्बन्ध र कमिटी प्रणाली अति केन्द्रीकरणको मानसिकताका कारणले असन्तुलित हुदै गएको छ । पालिकामाथि जिल्ला हावी हुने, जिल्लामाथि प्रदेश हावी हुने, प्रदेशमाथि केन्द्र हावी हुने, केन्द्रीय कमिटीको निर्णयका नाममा सीमित पदाधिकारीले मनपरी आदेश र निर्देशन गर्ने व्यवहारले एकातिर कमिटी प्रणाली ध्वस्त हुदैछ भने अर्कोतिर कमिटीको औचित्य माथि नै प्रश्न उठ्ने स्थिति उत्पन्न भएको छ । कमिटीका निर्णयका नाममा निश्चित व्यक्तिनै सर्बेसर्वा हुने व्यवहारले सिँगै पार्टी पंक्तिमा निराशा, निस्कृयता र पलायनको प्रबृत्ति बढ्दो  छ । अति केन्द्रीकरणको बर्तमान स्थितिलाई तोडेर पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यता अनुरुप पार्टी सञ्चालन गरिनु पर्दछ ।

**५.३.** पेशागत, वर्गिय र सामुदायिक हक, हित र अधिकारका विषयहरु उठाउदै पार्टीको लक्ष्य, उद्देश्य पूरा गर्नका लागि विभिन्न क्षेत्र, पेशा, व्यवसाय र तहमा जनसंगठनहरु सञ्चालित हुदै आएका हुन् । समय र परिस्थिति अनुसार जनवर्गिय संगठनको सँख्या कम बेशी हुदै आएको छ । हाल हाम्रो पार्टीसँग प्रत्यक्ष सम्बन्ध भएका २२ वटा जनसंगठनहरु रहेका छन् । पार्टीको समर्थन विस्तारमा जनवर्गिय संगठनले महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । जनवर्गिय संगठनमा काम गरेर आएका अनुभवीहरुको ठूलो पंक्ति पार्टीको केन्द्रीय नेतृत्वमा छ । प्रथम विधान महाधिवेशनको विधानमै जनसंगठन समन्वय संयन्त्रको व्यवस्था गरेर पार्टीको नीतिगत मार्गदर्शनमा सञ्चाल नहुने गरी जिम्मेवारी तोक्ने व्यवस्था भयो र जनसंगठन सञ्चालन कार्यविधि पनि पारित गरियो । तर उक्त कार्यविधिको प्रावधानको राम्ररी पालना भएको  देखिएन । जनसंगठन समन्वय संयन्त्रको प्रमुखको जिम्मेवारी प्राप्त गरेका कमरेडले सबै जनसंगठनको इन्चार्जको जस्तो भूमिका खेल्नु भएको छ । अहिले जनसंगठनहरुमा जनसंगठन समन्वय संयन्त्रका प्रमुखको आदेश- निर्देशनको आतंकले जनसंगठनहरु पार्टीको उद्देश्य अनुरुप चल्न सकिरहेका छैनन् । पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यता बमोजिम जनसंगठन चल्न पाएको स्थिति छैन । पार्टी जीवनको लोकतान्त्रिकरणको मान्यतामा जनसंगठनको बारे भएको व्यवस्था यस्तो रहेको छ- *जनवर्गीय सङ्गठनहरूले पार्टीको वैचारिक नेतृत्व एवं मार्गदर्शन स्वीकार्ने र उनीहरूलाई सङ्गठनात्मक विषयमा स्वायत्तता दिने प्रबन्ध मिलाउनु पर्छ । जनसङ्गठनहरूमा काम गर्नका लागि पार्टीबाट कार्यकर्ताहरू थोपर्ने होइन, त्यहीँ भित्रको स्वस्थ प्रतिस्पर्धाबाट निर्वाचित हुने व्यवस्था गर्नुपर्दछ । पार्टीका जनसङ्गठनहरू कुन-कुन हुन् भन्ने कुरा किटान गर्नुपर्दछ र त्यस्ता जनसङ्गठनहरूमा पार्टी प्र्याक्सन निर्माण गर्ने विद्यमान व्यवस्थालाई अन्त्य गर्नुपर्दछ ।*

त्यसैगरी प्रथम विधानमहाधिवेशनको संगठनात्मक प्रस्तावमा भनिएको छ- *पार्टी सम्बद्ध २२ वटा जनसंगठनहरुमा लाखौंको सँख्यामा पार्टी कार्यकर्ता र पार्टी समर्थकहरु संगठित हुदै आएका छन् । यसमा कतिपय वर्गिय चरित्रका छन् भने अन्य सामुदायिक चरित्रका छन । ती सबै संगठनहरुलाई पार्टी नीति र उद्देश्य अनुरुप सञ्चालन गर्नसक्दा पार्टी निर्माण र आन्दोलनको विकासमा ठूलो योगदान पुग्न सक्छ । पार्टीले यस्ता संगठनलाई*

*कहिले अलग-अलग र कहिले मोर्चा संगठनको रुपमा परिचालित गर्दै आइरहेको छ । मोर्चा संगठनको रुपमा लामो समय परिचालित गर्दा जनसंगठनको रचनात्मकता र स्वतन्त्र पहलकदमीमा समस्या आउनसक्ने र अलग-अलग छोड्दा अभियान र आन्दोलनमा समन्वयको समस्या आउन सक्छ । त्यसका लागि आवश्यकता अनुरुप परिचालित गर्ने गरी समन्वयको ढाँचा बनाउनु पर्दछ । जुन जनसंगठन जुन समुदायको बीचमा निर्माण गरिएको हो,सोही समुदायको हितमा आधारित भएर पार्टी नीति र उद्देश्य अनुरुप परिचालित गरिनु पर्दछ ।*

जनसंगठन समन्वय संयन्त्रले यी मान्यतालाई बोकेको देखिएको छैन । सम्बन्धित जनसंगठनको संगठनात्मक स्वायत्तता माथि ठाडो हस्तक्षेप भएको छ । अधिकांश जनसंगठनका अधिवेशनहरुमा ती जनसंगठनका कार्यकर्ताका भावना विपरीत पदाधिकारी र सदस्य रहेको कमिटी घोषणा गरिएका छन् । कहीं ती जनसंगठनको विधानबमोजिमको निर्वाचनको प्रकृयामा जान दिइएको छैन । कहीं प्रकृया प्रारम्भ भई सकेपछि बीचमा रोकेर कमिटी घोषणा गरिएका छन् । सम्बन्धित जनसंगठनका कार्यकर्तालाई आफ्नो अधिकारको प्रयोग गर्न दिइएको छैन । कसैको समर्थन वा विरोधमा उभिएमा जिम्मेवारविहीन बनाई दिने वा निष्काशन गरिदिने धम्की दिइएको छ । जनजाति महासंघका निर्वाचित महासचिवलाई विधान विपरीत कार्यवाही गरिएको छ । कुनै पनि जनसंगठनमा नेतृत्व विकासको सहज वातावरण छैन । जनसंगठनको स्वायत्तता र स्वतन्त्र पहलकदमीको अभ्यास पूर्णरुपमा समाप्त पारिएको छ । जबजको मूल मान्यता र लोकतान्त्रिकरणको मान्यता अनुसार जनसंगठनको कामलाई अगाडि बढाइनु अति नै जरुरी भएको छ ।

## ६. पार्टी पूर्व उपाध्यक्ष तथा पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यताबारे

६.१. नेकपा (एमाले)को नवौं केन्द्रीय कमिटीको बैठकमा छलफलको कार्यसूचीमा पनि नराखिएको पूर्व उपाध्यक्ष विद्यादेवी भण्डारीको एक वर्ष अघि नै नविकृत भईसकेको संगठित सदस्यता पार्टी विधान, हाम्रो पार्टीले अबलम्बन गरेको पार्टी जीवनको लोकतान्त्रिकरणको व्यवस्था र अभ्यास, लोकतन्त्रका विश्वव्यापी मान्यता र नेपालको संविधान तथा प्रचलित कानुन अनुसार कुनै पनि नागरिकको राजनीतिक अधिकारमाथि बन्देज लगाउने गरी निर्णय गर्न मिल्दैन भन्ने स्पष्ट व्यवस्थाको विपरीत “निलम्वन” गरिएको छ । पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी राष्ट्रपति हुनु भन्दा अगाडि नेकपा (एमाले)को केन्द्रीय कमिटीको उपाध्यक्ष हुनुहुन्थ्यो र पार्टी निर्णयको पालना गरेर नै उहाँ नेपालको राष्ट्रपति हुनु भई उक्त पदको गरिमालाई उच्च बनाउनुको साथै पार्टीको प्रतिष्ठा समेत उच्च राखेको बारेमा कुनै विवाद छैन । राष्ट्रपतिको पदावधि सकिसकेपछि नागरिकको हैसियतले विभिन्न राजनीतिक पार्टीका नेता, विभिन्न क्षेत्रका विज्ञ, विशेषज्ञ, आमनागरिक र एमालेका नेता, कार्यकर्तासँग दुई वर्षभन्दा बढि समय लगाएर छलफल गरी सबैको सुझाव, सल्लाहमा नै पार्टी अध्यक्ष कमरेड के.पी.शर्मा ओली प्रमुख अतिथी रहनु भएको जननेता मदन भण्डारीको जन्मजयन्तीको दिन २०८२ साल असार १४ गते राष्ट्रिय सभा गृहमा आयोजित भव्य कार्यक्रममा एमालेको सदस्यता एक वर्ष अगाडि नै

नविकरण गरी पार्टी परिवारको सदस्य भएको सार्वजनिक गर्नु भएको थियो । पूर्व उपाध्यक्ष कमरेड विद्यादेवी भण्डारीले यस पार्टीलाई यहाँसम्म ल्याई पुऱ्याउनको लागि महत्वपूर्ण भूमिका खेल्नु भएको छ । जननेता मदन भण्डारीको हत्या पश्चात् अत्यन्त कठीन दिन र शोकको अवस्थामा समेत उहाँले पार्टीले खटाएको र दिएको जिम्मेवारी तत्परताका साथ निर्वाह गर्नु भयो । अहिले उहाँको जुन व्यक्तित्व बनेको छ, त्यो हाम्रो पार्टीको लागि अमूल्य सम्पत्तिको रुपमा रहेको सबैलाई थाहा नै छ । उहाँ पार्टी परिवारमा जोडिनु कुनै पनि दृष्टिले देश, जनता, संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल र नेपाली समाजको लागि नोक्सानदायी विषय हुन सक्दैन । उहाँको सक्रियता देश, जनता र हाम्रो पार्टीका लागि सबै दृष्टिबाट सकारात्मक र फलदायी हुने स्पष्ट छ । उहाँको व्यक्तित्व, भूमिका र योगदानलाई राष्ट्र, जनता र पार्टीको हितमा उपयोग गर्नुको साँटो हाम्रो पार्टीको सदस्य समेत नरहने गरी राजनीतिमा संलग्न समेत हुननपाउने गरी गरिएको निर्णय र लगाइएको बन्देज नेपालको संविधान, कानुन र हाम्रो पार्टी विधान र परम्पराको विरुद्धमा समेत रहेको छ ।

६.२.नवौ केन्द्रीय कमिटीको बैठक पछि जारी अपानी १२ मा पूर्व राष्ट्रपति तथा पूर्व उपाध्यक्ष विद्यादेवी भण्डारीका बारेमा गरिएको निर्णयाधार संबैधानिक, कानूनी र विधानका प्रावधान एवं तथ्यसँग मिल्ने खालका छैनन् । ती निर्णयाधारलाई हेरौं र विश्लेषण गरौं ।

नेपालको संविधानले राष्ट्रपतिलाई राष्ट्रिय एकताको प्रतीक, संविधानको संरक्षक, पालनकर्ता र नेपाली सेनाको परमाधिपति जस्ता गुरुत्तर दायित्व सुम्पिएको छ । यो भूमिका आफैमा अत्यन्त सम्मानित, गरिमायुक्त र ऐतिहासिक महत्वको छ । राष्ट्रपति संस्थाको यही गरिमामय ओहदालाई ध्यानमा राखेर त्यस जिम्मेवारीमा निर्वाचित हुने व्यक्ति आफ्नो दलीय या अन्य संस्थागत आबद्धताबाट पूर्णरूपमा मुक्त भएर निष्पक्ष भूमिकामा रहने र पदमा रहँदा संवैधानिक सीमाभित्र रहेर काम गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ ।

यस्तो तर्कमा आधारित भएर गरिएको निर्णयलाई पनि हेरौं -

यिनै पृष्ठभूमि, सन्दर्भ र मान्यतालाई ध्यानमा राखेर केन्द्रीय कमिटी संवैधानिक राष्ट्रपति, उपराष्ट्रपति जस्ता उच्च संवैधानिक ओहदामा पुगिसकेको व्यक्ति दलीय राजनीतिमा फर्किने विषय संविधानको मर्म अनुकूल नहुने, यसले पदमा बहाल रहँदा गरेका कामहरूको संवैधानिकता र निष्पक्षतामाथि प्रश्न उठ्ने, लोकतान्त्रिक मूल्यहरूलाई कमजोर गर्ने र व्यक्ति स्वयम्को सम्मानित व्यक्तित्वलाई विवादित बनाउने काम गर्नुहुँदैन भन्ने मान्यतामा उभिनु पर्ने हुन्छ । पार्टीको नवौं केन्द्रीय कमिटीको बैठकले उपरोक्त मान्यताका आधारमा सम्माननीय पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीका सम्बन्धमा निम्नानुसारको निर्णय गरेको छः

*“सम्माननीय पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी राष्ट्रकै गौरवका रूपमा सम्मानित भएर बस्नु पर्दछ । सक्रिय राजनीतिमा आउनु हुन्न । सिंगै राष्ट्रको नेता भएको व्यक्तिलाई नेकपा (एमाले)ले कार्यकर्ता बनाउनु हुदैन । अध्यक्ष भएपनि कार्यकर्ता हो । यहाँ आउनु हुदैन । पूर्व राष्ट्रपति सम्मानपूर्वक राष्ट्रको गणतन्त्रको गौरब भएर बस्नु होस् । उहाँ राष्ट्रको गहना हो । हाम्रो पनि गहना हो ।*

*उहाँको सदस्यता नवीकरणको प्रक्रिया मिलेन, सदर हुदैन । विधानको धारा ८ अनुसार हुन्छ ।"*

यो निर्णयलाई हेर्दा पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीप्रति पूर्ण पूर्वाग्रही भएर गरिएको शुरुमै देखिन्छ । उहाँ हिजो देशको राष्ट्रपति हुनुहुन्थ्यो । अहिले सामान्य नागरिक हुनुहुन्छ भन्ने यथार्थलाई यस निर्णयले पूरै बेवास्ता गरेको छ । अर्को कुरा उहाँ देशको राष्ट्रपति भएपनि उहाँ नेकपा (एमाले)को पूर्व उपाध्यक्ष पनि हुनुहुन्थ्यो भन्ने कुरा उल्लेख गरिएको छैन र उहाँ राष्ट्रपति बन्ने समयमा एमालेको निर्णयले राष्ट्रपति हुनुभएको कुरा पनि उल्लेख गरिएको छैन । साँचो के हो भने नेपालको संविधान, कानुनका सबै व्यवस्था हेर्ने हो भने राष्ट्रपति कुनै पनि दृष्टिकोणले अराजनीतिक पद होइन, राजनीतिक पद हो र संविधानले तोकेको राजनीतिक जिम्मेवारी नै राष्ट्रपतिले पूरा गर्नु पर्दछ भन्ने कुरा स्पष्ट नै छ । उक्त पदमा निर्वाचित हुदा राजनीतिक दलकै सदस्य भएको व्यक्ति उम्मेदवार बन्छ र राजनीतिक दलका सदस्यले नै गोप्य मतदान गरी निर्वाचित गरिन्छ । राष्ट्रपति वा उपराष्ट्रपतिको उम्मेदवार हुने समयमा उसले कुनै पनि राजनीतिक आस्था त्याग्नु पर्ने व्यवस्था संविधानमा छैन । पदीय जिम्मेवारी निर्वाह गर्दा निष्पक्षतापूर्वक काम गर्छ भन्ने कुरा विश्वास दिलाउन आफु सम्बद्ध भएको पार्टीको तत्काल रहेको जिम्मेवारी र सदस्यताबाट अलग भएको स्वघोषणा गर्ने प्रचलन रहेको छ । कुनै निर्वाचित वा मनोनित हुने पदमा भएको व्यक्ति राष्ट्रपति वा उपराष्ट्रपति निर्वाचित भएमा राष्ट्रपति वा उपराष्ट्रपतिको पद स्वतः जाने व्यवस्था गरिएको छ । पदीय जिम्मेवारी समाप्त भएपछि राजनीतिक काममा आउनको लागि संविधान र कानुनले बन्देज गरेको छैन । राजनीतिक अधिकार हरेक नागरिकको जन्मसिद्ध अधिकार भएका कारण रोक लगाउने गरी संबैधानिक व्यवस्था नगरिएको हो । कुनै भुलचुकले संविधानमा लेख्न छुटेको विषय होइन । यस प्रसंगमा स्वयं पार्टी अध्यक्ष के.पी. शर्मा ओली कमरेडले सार्वजनिक संचार माध्यममा पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले राजनीतिमा आउन हुँदैन वा पार्टीको जिम्मेवारी लिन हुँदैन भन्नु वेकारको कुरा हो भनी स्पष्ट शब्दमा भन्नु भएको कुरा स्मरणीय छ । एक वर्ष अघि पूर्व राष्ट्रपतिले सदस्यता नविकरण गर्दा होस् वा उपराष्ट्रपतिले नेकपा (माओवादी केन्द्र) को जिम्मेवारी लिएको कुरामा होस् पार्टी अध्यक्ष तथा हाम्रो पार्टीले कुनै टिप्पणि गरेको छैन । पार्टीका महासचिव स्वयंले बैठकमा पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता एक वर्ष अघि नै नविकृत भइसहेको कुरा गर्नु भएको जगजाहेर छ । पूर्व राष्ट्रपति भण्डारीलाई हाम्रो पार्टी नेतृको हैसियतमा चीन भ्रमणमा जाँदा सचिवालय र स्थायी कमिटीका नेता र वहालवाला मन्त्रीको समेत सहभागिता पार्टी अध्यक्ष कै सहमति र स्वीकृतिमा भएको तथ्य पनि मननयोग्य छ । अतः हाल बैठकबाट निर्णय गर्दा प्रयोग भएको भाषामा संविधानको मर्म, भावना जस्ता असान्दर्भिक कुरा गर्नुको कुनै अर्थ छैन । तथ्यलाई तर्कले पराजित गर्न सक्दैन भन्ने कुरा हामी सबैले मानेकै विषय हो ।

**६.३** एउटा मार्क्सवादी पार्टीले पार्टीको नेतालाई "राष्ट्रको गहना" बनाउने निर्णय गर्नु अति नै दुःखद कुरा हो । कुनै पनि व्यक्ति राष्ट्रको गहना हुन सक्दैन । उहाँको "सदस्यता नविकरण प्रक्रिया मिलेन, सदर हुदैन । धारा ८ बमोजिम हुन्छ" भन्ने भाषा हेर्दा लाग्छ

कुनै निर्णयलाई पुष्टि गर्ने आधार नभएको निर्णयको भाषा सायद यस्तै हुन्छ होला । के कारणले प्रक्रिया मिलेन कुनै तथ्य दिइएको छैन । तथ्य बिनाको निर्णय गलत छ भन्ने कुरा स्वतः सिद्ध हुन्छ । विधानको धारा ८, ९ र राष्ट्रपति निर्वाचित भईसकेपछि सार्वजनिक गरिएको पूर्व राष्ट्रपतिको प्रेश नोटलाई विश्लेषण गर्दा सच्चाई के हो स्पष्ट हुन्छ । हेरौं, धारा ८ को व्यवस्था : *स्वइच्छाले सदस्यता परित्याग गरेमा, अनुशासनको कार्यवाहीमा परी सदस्यताबाट निष्कासित भएमा, नेपाली नागरिकता परित्याग गरेमा, समयमा सदस्यता नविकरण नगरेमा, मृत्यु भएमा* मात्रै सदस्यताको समाप्ती हुन्छ भन्ने व्यवस्था गरिएको छ । पूर्व उपाध्यक्ष विद्यादेवी भण्डारीका सन्दर्भमा यी कुनै पनि व्यवस्था आकर्षित हुने काम उहाँले गर्नु भएको छैन । संविधानमा सदस्यता त्याग्नु पर्ने व्यवस्था नभएकाले उहाँले सदस्यता त्याग्नु भएको छैन भने अर्कोतिर सदस्यता त्यागेको भनेको पार्टीको आस्था त्यागेको भनेको हो । उहाँले एमालेको आस्था त्याग्नु भएको छैन । राष्ट्रपति हुदा पार्टीको निर्णयले विधानको धारा ९ को उपधारा (३) बमोजिम उक्त जिम्मेवारीमा जानु भएको हो । राष्ट्रपति पदबाट अवकास भएपछि सोही धारा बमोजिम सदस्यता नविकरण गरिएको हो । यसलाई पुष्टि गर्ने आधार भनेको उहाँ राष्ट्रपति निर्वाचित भईसकेपछि जारी गरेको प्रेश नोटले स्पष्ट गर्दछ । उक्त प्रेश नोट यस्तो छ :

*"नेपालको संविधानको धारा २९७ बमोजिम २०७२ साल कार्तिक ११ गते भएको निर्वाचनबाट म नेपालको राष्ट्रपति पदमा निर्वाचित भएको सन्दर्भमा यस पदको गरिमा र संविधान प्रदत्त दायित्व निष्पक्षतापूर्वक सम्पन्न गर्न आफु सम्वद्ध रहेको राजनीतिक दल नेकपा (एमाले)को केन्द्रीय उपाध्यक्ष, सो दलको सदस्यता र सो दलसँग सम्बन्धित जनसंगठनको नेतृत्वलगायत व्यवस्थापिका संसद सदस्य समेतको संपूर्ण जिम्मेवारीबाट २०७२ कार्तिक ११ बाट अलग रहेको जानकारी गराउदछु ।*

*मलाई राष्ट्रको यो गरिमामय जिम्मेवारीमा पुऱ्याउन सहयोग गर्ने नेकपा (एमाले) र त्यसका आदरणीय नेता, कार्यकर्ता, अन्य सबै राजनीतिक दल, व्यवस्थापिक संसदका सबै माननीय सदस्यहरु लगायत आम जनता र सम्बद्ध सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।"*

यस प्रेश नोटले स्पष्ट पार्दछ कि उहाँ पार्टीको निर्णयको पालना गरेर राष्ट्रपति हुनु भयो । त्यस पदमा रहदा पार्टीको जिम्मेवारीबाट अलग हुनु भयो । फर्केर आएपछि पार्टी सदस्यता नविकरण गर्नु भयो । सदस्यता नविकरण गरेको एक वर्ष पछि मात्रै प्रश्न उठाईयो । सदस्यता नविकरण गर्न गएकै दिन प्रश्न किन उठाइएन ? उहाँले राष्ट्रपतिको उम्मेदवार हुने पार्टी निर्णय हुँदाका बखत सदस्यता त्याग्ने र पुनः सदस्यता नलिने भनी निर्णय गरिएको थियो भन्ने कुरा पनि पूर्ण रुपमा असत्य हो । उहाँको सम्मानको लागि सदस्यताबाट बञ्चित गरिएको भन्ने तर्क उहाँमाथि विभिन्न कटु शब्द समेत प्रयोग गरी भएको प्रहारले नै असल मनसायबाट गरिएको भन्ने देखिन्न । हामीले गरेका निर्णयहरुको औचित्य, वैधानिकता र पार्टी हितको पक्षमा हुनु पर्दछ । हाम्रा निर्णय आम पार्टी कार्यकर्ता, समर्थक, शुभेच्छुक र जनताको विश्वास र समर्थन बढ्ने प्रकारका हुनु पर्दछ । हामीले मिसन ०८४ को नारालाई अगाडि बढाएका छौं । ०८४ सालमा हुने आम निर्वाचनमा नेकपा(एमाले)को बहुमत ल्याउन सिँगो पार्टीलाई बैचारिक एकतामा बाँध्नु

पर्दछ र संपूर्ण शक्तिलाई परिचालित गरिनु पर्दछ । पूर्व राष्ट्रपति र पूर्व उपाध्यक्ष भई सफलतापूर्वक काम गरेर व्यापक जनविश्वास आर्जन गरिरहनु भएको कमरेड विद्यादेवी भण्डारीलाई एमालेको राजनीतिमा आउन प्रतिवन्ध लगाउनु उचित हुदैन । प्रतिउत्पादक हुनसक्छ । यी सबै परिस्थितिको मूल्यांकन गरेर विधान बमोजिम नविकरण भईसकेको सदस्यता स्वीकार गरी उहाँलाई ससम्मान पार्टीको जिम्मेवारी दिनु पर्दछ भन्ने मेरो मत यस सम्मानित दोश्रो विधान महाधिवेशन समक्ष स्वीकृतिका लागि प्रस्तुत गर्दछु ।

## ७. बामपंथी एकता र एकीकरण

७.१ नेपालमा लामो समयदेखि बामपंथी एकता र एकीकरणको विषय छलफलको महत्वपूर्ण विषयको रुपमा रहदै आएको छ । नेपालको बामपंथी आन्दोलनमा फुट, विभाजनका अनेक नकारात्मक घटना र प्रबृत्तिहरु रहेका छन् र एकता-एकीकरणका सकारात्मक घटना र प्रवृत्तिहरु पनि रहेका छन् । जुन-जुन समयमा एकता, एकीकरण र सहकार्य भएको छ, त्यस समयमा नेपालको बामपंथी आन्दोलन प्रति जनताको सम्मान र समर्थन पनि बढेको छ । जुन समयमा फुट, विभाजन र अनावश्यक द्वन्द्व बढेको छ, त्यस बेलामा जनविश्वासमा कमि आउनुका साथै राष्ट्रका लागि दिने योगदान गर्नपनि सकिएको छैन । बामपंथीहरुको बीचको एकता, एकीकरणको प्रयास निरन्तर रुपमा हुदै आएको छ । पुष्पलाल, मनमोहन, तुलसीलाल, जननेता मदन भण्डारी लगायतका शीर्ष व्यक्तित्वहरुले आ-आफ्नो समयमा बामपंथी एकता र एकीकरणका लागि महत्वपूर्ण भूमिका खेल्नुभएको थियो र एक स्तरको सफलता पनि प्राप्त भएको थियो । पछिल्लो समयमा हाम्रो पार्टी अध्यक्ष कमरेड के.पी.शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको अगुवाईमा ऐतिहासिक एकताको कार्य सफल पनि भएको हो । आम निर्वाचनमा त्यसको सकारात्मक र प्रभाव तथा उपलब्धी पनि देखिएकै हो । यद्यपि विभिन्न कारणले त्यो एकता कामय रहन सकेन । जनताको ठूलो समर्थन प्राप्त उक्त ~~भएको~~ एकताको निरन्तरता किन हुन सकेन, त्यसको गम्भीर समीक्षा हुनु आवश्यक छ । गहन समीक्षाबाट निकालिएका निष्कर्ष बमोजिम सम्बन्धित सबैले जवाफदेहीता र जिम्मेवारी लिन तयार पनि हुनु पर्दछ ।

७.२. नेकपा (एमाले)का हरेक महाधिवेशनमा संयुक्त मोर्चा, वामपंथी एकता र एकीकरणका विषयमा छलफल हुदै आएको देखिन्छ । पछिल्लो समयमा यो विषय ओझेलमा पर्दै आएको छ । समय र परिस्थितिको गहिरो विश्लेषण गरेर यो विषयमा गम्भीर बहस आवश्यक छ । हाम्रो पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र नेपाली क्रान्तिको मार्ग दर्शक सिद्धान्तको रुपमा जनताको बहुदलीय जनवादलाई स्वीकार गरेका छौं । पाँचौ राष्ट्रिय महाधिवेशनमा जबजलाई कार्यक्रमको रुपमा प्रस्तुत गर्दा जननेता मदन भण्डारीले अघि सार्नु भएको संयुक्त मोर्चा, बाम पंथी एकता र एकीकरणबारे गरिएको विश्लेषणलाई हामीले अहिलेको सन्दर्भमा परिस्कृत र उन्नत बनाउनु आवश्यक छ । बामपंथी एकता र पार्टी एकीकरणका बारेमा जननेता मदन भण्डारीले निम्न

बमोजिमका विचारहरु अघि सार्नु भएको थियो । जुन पाँचौ राष्ट्रिय महाधिवेशनले पारित गरेको थियो :

**७.२.१.** हाम्रो देशमा वामपंथी र दक्षिणपंथीको सीमा रेखा मार्क्सवादी-लेनिनवादी सिद्धान्त बनेको छ । वामपंथीहरु मार्क्सवाद र लेनिनवादलाई स्वीकार गर्दछन् । दक्षिणपंथीहरु सामन्तवाद र साम्राज्यवादको पक्षपोषण र सेवा गर्दछन् । बामपंथीहरु त्यसका विरुद्ध आम जनता, राष्ट्र र आमूल परिवर्तनको पक्षपोषण गर्दछन् । दक्षिणपंथीहरु र कम्युनिस्टको बीचमा क्रान्तिकारी जनवादी कार्यक्रम लिएको अरु कुनै वामपंथी शक्ति छैन । त्यसकारण बामपंथी एकता भनेको हाम्रो सन्दर्भमा कम्युनिष्टहरु बीचको एकता हो । विगतमा वाम एकता र मोर्चा पनि कम्युनिष्ट समुहहरु बीचकै एकता तथा मोर्चा थियो ।

**७.२.२.** पञ्चायत विरोधी संघर्षको बेला वाममोर्चा बन्दा विश्व कम्युनिस्ट आन्दोलनको तस्वीर जस्तो थियो, आज धेरै भिन्न भएको छ र देशको कम्युनिस्ट आन्दोलनमा पनि निकै परिवर्तन आईसकेको छ । अहिले देशको कम्युनिस्ट आन्दोलनमा जडसूत्रवादी, सही मार्क्सवादी-लेनिनवादी र विसर्जनवादी तीनवटा प्रवृत्ति र धाराहरु देखापरेका छन । सैद्धान्तिक, बैचारिक रुपमा दूरी झनै बढेको छ । आज मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई बुझ्ने, व्याख्या गर्ने र लागु गर्ने सवालमा, विश्व कम्युनिस्ट आन्दोलनको स्थिति मूल्यांकन गर्ने सवालमा, समाजवाद र समाजवादी आन्दोलनको व्याख्या गर्ने सवालमा, देशभित्रको क्रान्तिकारी संघर्ष अघि बढाउने नीति र दृष्टिकोणको सवालमा, देश र दुनियाको कम्युनिष्ट आन्दोलनबाट शिक्षा लिने सवालमा, देश भित्रको राजनीतिक परिस्थिति र शक्तिहरुको विश्लेषण गर्ने सवालमा, विदेशी मुलुकहरुसंग सम्बन्ध सञ्चालन गर्ने सवाल जस्ता आधारभूत महत्वका विषयमा विचारको विविधता र विपरीत सोचाईहरु रहेका छन् । तर पनि सबैले कम्युनिष्ट पार्टी, मार्क्सवाद-लेनिनवाद र समाजवाद भनिरहेका हुनाले शाब्दिक समानता छ र जनतामा भ्रम परिरहेको छ । त्यसकारण आज वामपंथी एकता भनेको ठोस रुपमा राजनीतिक मोर्चा तहको एकता हो । जनवादी आन्दोलनको विकासका लागि यो एकताको पनि महत्वपूर्ण भूमिका रहने कुरा स्पष्ट छ । तर त्यो भन्दा वढि विषयहरुमा एकता व्यापक सैद्धान्तिक, बैचारिक संघर्षको क्रममा मात्रै संभव हुनसक्छ । त्यसकारण संभव सवालमा राजनीतिक मोर्चा बनाउदै सैद्धान्तिक र बैचारिक संघर्षलाई गहिराई र दृढतासाथ सञ्चालन गर्नु पर्दछ । गम्भीर विचार भिन्नतालाई नदेखे जस्तो गरी मनमा एकताको भ्रम पाल्ने र जनतामा फैलाउने काम गर्नुहुदैन ।

**७.२.३.** सैद्धान्तिक, राजनीतिक र विचारधारात्मक संघर्षको क्रममा समान मतमा रहेका समुह वा व्यक्तिहरुलाई सम्मानपूर्ण ढंगले पार्टीमा एकतावद्ध बनाउनु पर्दछ र पार्टीको एकीकरणलाई अझ व्यापक र सुदृढ बनाउनुपर्दछ । देशको कम्युनिस्ट आन्दोलनमा विघटन र पुर्नगठनको दौर अझै समाप्त भएको छैन । यस दौरमा समान मतवावलम्बीहरु एक ठाउँमा संगठित हुने प्रक्रिया अझै तेज हुनेछ र यो नराम्रो कुरा होइन । हाम्रो पार्टीले सैद्धान्तिक, बैचारिक संघर्षमा गम्भीरता र उत्साहको साथ भाग लिनु पर्दछ । आफ्ना विचार र विश्लेषणहरुलाई दृढताका साथ अघि सार्नु पर्दछ ।

स्वतन्त्रतापूर्वक पार्टीलाई बलियो बनाउन साहसका साथ कदम चाल्नु पर्दछ । समान मतवावलम्बीहरुलाई पार्टीमा एकताबद्ध गरेर पार्टी एकीकरणको प्रक्रियालाई अघि बढाउनु पर्दछ ।

जननेता मदन भण्डारीका उपर्युक्त विचारहरु अत्यन्तै गहन छन् । बामपंथी एकता र पार्टी एकीकरणसम्बन्धी उक्त प्रस्तावहरुलाई हामीले गम्भीरतापूर्वक लिनु पर्दछ । नेपालको कम्युनिस्ट आन्दोलनको एकताको सवाल पूरा गर्न बाँकी रहेको अभिभाराको रुपमा स्वीकार गर्नु पर्दछ । बामपंथी एकता र एकीकरणको विषयलाई बेवास्ता गर्ने भुल जबजको मान्यता विपरीत हुन्छ । किनकी जबजले हामीलाई बामपंथी एकता र एकीकरणको कार्यलाई एउटा नियमित कामको रुपमा अघि बढाउन निर्देशित गरेको छ । नेपालको कम्युनिस्ट आन्दोलन दार्शनिक, सैद्धान्तिक, वैचारिक र कार्यक्रमिक कारणले भन्दा बढि पदीय आकांक्षा वा स्वार्थबाट उत्पन्न प्रतिष्ठाको लडाईका कारण विभाजित छ । तर जनताको समर्थन अहिले पनि कम्युनिस्ट आन्दोलनप्रति यथावत नै छ । कम्युनिस्ट आन्दोलनका विभिन्न चरणमा नेपाली जनताको ठूलो साथ, समर्थन र सहभागिता देखिएको छ । कम्युनिस्ट आन्दोलनमा प्राप्त भएको जनताको समर्थनको यथोचित सम्मान गरिएन भने यो समर्थन सधैं नरहन सक्छ । नेपालको कम्युनिष्ट आन्दोलनको मूल प्रवाह नेकपा (एमाले) हो भन्ने कुरामा कसैको पनि विमति छैन । शान्तिपूर्ण संघर्षको बाटोबाट जनताको जनमत लिएर नै नेपाली काक्रान्तिका अभिभारा पूरा गर्ने सन्दर्भमा पनि अब कसैको विमति छैन । नेपालको कम्युनिष्ट आन्दोलन जबजको विशाल छाता मुनी गोलबन्द हुनसक्ने विराट सम्भावना रहेको छ । यस्तो अवस्थामा आफ्नै पार्टी पंक्तिमा असर पर्नेगरी पार्टीमा महत्वपूर्ण योगदान गरेका र गर्नसक्ने व्यक्तिहरुलाई पाखा लगाउने कार्य कदापी उचित र सान्दर्भिक हुनसक्दैन । हाम्रो पार्टीको यस विधान महाधिवेशनले आगामी महत्वपूर्ण कार्यभारका रुपमा नेपालको बामपंथी आन्दोलनको एकता र एकीकरणको प्रस्तावलाई अघि सार्नु पर्छ भन्ने मेरो मत यस महाधिवेशन समक्ष ग्रहण गर्नको लागि प्रस्तुत गर्दछु ।

## ट. जबजको मार्गदर्शनमा नेपाली विशेषताको समाजवादबारे

हाम्रो गौरवशाली पार्टी नेकपा (एमाले)ले पाँचौ राष्ट्रिय महाधिवेशनबाट नेपाली क्रान्तिको मौलिक र विशिष्ट कार्यक्रमको रुपमा जनताको बहुदलीय जनवादलाई औपचारिक रुपमा स्वीकार गऱ्यो । छैटौं राष्ट्रिय महाधिवेशनबाट जबजलाई नेतृत्वदायी सिद्धान्तका रुपमा अघि बढायो । आठौं राष्ट्रिय महाधिबेशनबाट जबजलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तको रुपमा स्वीकार गरियो । नवौं र दशौं राष्ट्रिय महाधिवेशनले पनि त्यसैलाई निरन्तरता दिदै आएको छ । जबजले अघि सारेका थुप्रै मान्यताहरु राज्यका साझा मान्यताका रुपमा संबैधानिक व्यवस्थाका रुपमा स्वीकार गरिसकिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक प्रतिनिधित्वको प्रणाली, संविधानको सर्वोच्चता, कानुनी शासनको प्रणाली, स्वतन्त्र न्यायपालिका, पूर्ण प्रेस स्वतन्त्रता, बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष, राष्ट्रिय हितमा आधारित स्वतन्त्र परराष्ट्र नीति, जातिय, लैङ्गिक, क्षेत्रीय विभेदलाई गैरकानुनी घोषणा जस्ता

विषयहरु संविधानको मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तमा समावेश हुनु आन्दोलनको उपलव्धीको रुपमा लिनु पर्दछ । यी सबै उपलव्धी प्राप्त गर्न जबजले नै हामीलाई निर्देशित गरेको हो । जबजले हामीलाई अहिलेकै समय वरिवरी रुमलिएर बस्न अनुमति दिदैन । घोषित सिद्धान्त, नीति र कार्यक्रमलाई दस्तावेजमा थन्क्याएर विपरीत सिद्धान्त र व्यवहार भएकाहरुसंग सत्ता सञ्चालन र पदको भागबण्डाको रणनीतिक गठबन्धनमा सामेल भइरहन मिल्दैन । जबजले जनताको बहुदलीय जनवादी व्यवस्था, समाजवादी व्यवस्था हुदै साम्यवादलाई अन्तिम लक्ष्यको रुपमा निर्देशित गरेको छ । दशौं राष्ट्रिय महाधिवेशनबाटै सामान्तवादका अवशेषहरुको अन्त्य गर्दै समाजवादको आधार निर्माण गर्नु हाम्रो क्रान्तिको अभिभारा हो भनी निश्चित गरेको हो ।

वर्तमान विश्व एकातर्फ विज्ञान, प्रविध, यातायात र सञ्चारको अभूतपूर्व विकासले साँघुरिदै गएको छ भने अर्कोतर्फ शक्तिशाली राष्ट्रहरुको वीचमा तीव्र प्रतिस्पर्धा भइरहेको छ । यस क्रममा कतिपय देशहरु छद्म युद्ध र द्वन्द्वको शिकार भइरहेका छन् । विश्व बहुध्रुवीय दिशामा अगाडि बढिरहेको छ । शक्तिशाली देशहरुका अन्तर्राष्ट्रिय तथा घरेलु नीतिहरु राष्ट्रिय स्वार्थबाट निर्देशत भइरहेका छन् । राजनीतिक सिद्धान्त र विचारधाराबाट होइन, अर्थराजनीतिले अहिलेको विदेश सम्बन्ध निर्धारित हुदैछ । कतिपय शक्तिसम्पन्न देश अन्य देशमा हस्तक्षेप गर्ने, अरुलाई धम्क्याउने र आफ्नो स्वार्थ अनुरुप चल्न बाध्य पार्ने जस्ता कार्य पनि गरिरहेको हामी देखिरहेका छौं । यस्तो परिस्थितिमा नेपाल जस्तो अत्यन्त संवेदनशील भूराजनीतिक अवस्थिति रहेको देशले आफ्नो हितको लागि राजनीतिक, आर्थिक, सांस्कृति, सुरक्षा र कूटनीतिको क्षेत्रमा अति नै चनाखो भई बुद्धिमत्ता किसिमले काम गर्नु आवश्यक छ । राष्ट्रिय स्वाधीनता, अखण्डता, स्वाभिमान र हितको विषयतर्फ जबजको कार्यक्रम तय गर्दाका बखत नै हाम्रो पार्टीको संवेदनशिल रहेको तथ्यतर्फ हामी सबैले यथोचित ध्यान दिनुपर्छ । देशमा समाजवादको निर्माणका लागि अन्तर्राष्ट्रिय परिस्थिति तथा त्यसले हाम्रो देशमा पर्नसक्ने प्रभावप्रति हामी अत्यन्त सजग हुनै पर्दछ । हाम्रो स्वाधीनताको रक्षा गर्दै राष्ट्रिय अर्थतन्त्रको निर्माण नगरी समाजवादका आधारहरु निर्माण गर्न सकिदैन भन्ने हाम्रो निष्कर्ष हो । राष्ट्रिय अर्थतन्त्र निर्माणको लागि मुख्य बाधक तत्व दलाल नोकरशाही पूंजिवाद हो भन्ने पनि हाम्रो निस्कर्ष रहेको छ । दशौं राष्ट्रिय महाधिवेशन पछि हामीले जबजको मार्गदर्शनमा नेपाली विशेषताको समाजबादबारे व्यापक बहस गरी त्यसको स्पष्ट मार्गचित्र निर्धारण गर्नुपर्ने थियो । हामीले त्यस कामलाई अगाडि बढाउन सकेनौं । सचिवालय, स्थायी कमिटी, पोलिटव्यूरो र केन्द्रीय कमिटीका बैठकहरु पनि यस कामका केन्द्रीत हुन सकेनन् । नेपाली विशेषताको समाजवादको संपूर्ण खाका हतारहतारमा तयार हुने विषय होइन । यसको लागि गहन अध्ययन र गम्भीर छलफलको आवश्यता हुन्छ । त्यसकारण यही विधान महाधिवेशनले जबजको मार्गदर्शनमा नेपाली विशेषताको समाजवादको खाका तयार गर्ने कार्यदल निर्माण गर्नु पर्दछ । उक्त कार्यदलको कार्य सीमा पनि निर्धारण गरिनु पर्दछ । हामीले स्थापना गर्न खोजेको नेपाली वशेषताको समाजवादमा राजनीतिक प्रणाली, आर्थिक प्रणाली, न्यायीक प्रणाली सामाजिक, साँस्कृति प्रणाली, शैक्षिक, स्वास्थ्य, सडक, यातायात, उद्योग, रोजगारी, उत्पादन र वितरण सम्बन्धी नीति र योजनाको प्रष्ट मार्गचित्र कोरिनु पर्दछ । परराष्ट्र नीति तथा राष्ट्रि सुरक्षा एवं हितसम्बन्धी सुस्पष्ट धारणा तथा बाटो तय हुनुपर्छ। वर्तमान जटिल र प्रतिस्पर्धि विश्वमा

नेपालको चीरकालिन अस्तित्व, स्वाधीनता र समृद्धि सुनिश्चित गर्ने कार्यनीति र रणनीति प्रष्ट रुपमा अघि सार्नु पर्दछ। हामीले नेपाली समाजमा देखिएका समस्या समाधानको ठोस योजना र प्रस्ताव अघि सार्नु पर्दछ । यस महाधिवेशनले नेपालमा स्थापना हुने समाजवाद नेपाली विशेषताको समाजवाद हुनेछ भन्ने घोषणा गर्दै जनताको बहुदलीय जनवादको मार्गदर्शनमा नेपाली विशेषताको समाजवादको पूर्ण मार्गचित्र ११औं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने निर्णय गर्नुपर्दछ भन्ने प्रस्ताव यस महाधिवेशन समक्ष प्रस्तुत गर्दछु ।

**प्रिय कमरेडहरु** !

मैले हाम्रो पार्टीको प्रथम विधान महाधिवेशनदेखि हालसम्म पार्टीभित्र देखिएका मूलभूत समस्या र लिइएका निर्णय तथा ती निर्णयले पारेको र पार्न सक्ने असर तथा गर्नु पर्ने महत्वपूर्ण कार्यको बारेमा आफ्ना विचारहरु प्रस्तुत गरेको छु । नेपाली समाजका समस्याको समाधान गर्नसक्ने विचार जनताको बहुदलीय जनवाद हो । यो विचारलाई अगुवाई गरी जनताको विश्वास प्राप्त गर्नसक्ने पार्टी हाम्रो गौरवशाली पार्टी नेकपा (एमाल) नै भएकोले यसलाई अझ बलियो, एकतावद्ध, सशक्ते बनाउनको लागि प्रस्तुत विचारले योगदान गर्न सक्नेछ भन्ने मेरो दृढ विश्वास रहेको छ । खुला, हार्दिक र व्यापक छलफल र बहसबाट सहि विचार निर्माण हुने र सबै प्रकारका समस्याको समाधान गर्नसकिने भएकाले प्रस्तुत दस्तावेजलाई यस दोश्रो विधान महाधिवेशनमा गहन छलफल तथा स्वीकृतिको लागि पेश गर्दछु ।
सम्पूर्ण सहभागी प्रतिनिधि कमरेडहरुमा मेरो हार्दिक आव्हान छ, जबजको विचारलाई दह्रो गरी पक्रौं । व्यवहारमा यसको कार्यान्वन गरौं । यसको रक्षा र सम्वर्धनमा सबैले योगदान गरौं । जबजको मार्गदर्शनमा नेपाली विशेषताको समाजवाद निर्माणको लागि अग्रसर होऔं ! नेपाली समाजमा मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक प्रयोग र जनताको बहुदलीय जनवादको कार्यान्वयन त्यसको पक्षमा दृढतापूर्वक उभिदै पार्टीलाई निश्चित विधि, पद्धति, मूल्य-मान्यता र राष्ट्र र जनताको सर्वोपरी हितमा सञ्चालन गरेर मात्र हुनसक्छ भन्ने सच्चाईलाई सबैले आत्मसात् गरौं!

क्रान्तिकारी अभिवादन सहित !
धन्यवाद ।

**प्रस्तोता**
कर्ण बहादुर थापा
सदस्य, स्थायी कमिटी
नेकपा (एमाले)
मिति: २०८२ साल भाद्र २० गते

*पार्टीमा आन्तरिक लोकतन्त्रको पालना र विधिको अवलम्बन गरौं*
*जनताको बहुदलीय जनवादको मार्गदर्शनमा नेपाली विशेषताको*
*समाजवाद निर्माणको दिशामा अघि बढौं ।*



# नेकपा (एमाले) को दोस्रो विधान महाधिवेशनमा प्रस्तुत फरक मत


**प्रस्तोताः**

**कर्ण बहादुर थापा**

**सदस्य, स्थायी कमिटी**

**नेकपा (एमाले)**

*नेकपा एमालेको दोस्रो विधान महाधिवेशनमा प्रस्तुत फरक मत :*

**प्रस्तोता**

**कर्ण बहादुर थापा**

सदस्य, स्थायी कमिटी

नेकपा (एमाले)

प्रकाशन प्रति : २५०० थान

मुद्रणः जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स, अनामनगर